“महिला किसानको आत्मसम्मान, भूस्वामित्व जीविका र पहिचान”

# दोस्रो राष्ट्रिय महिला किसान सम्मेलन

२०–२२, फागुन २०६९

ठिमुरा, चितवन




आत्मनिर्भर केन्द्र      राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल

# विषयसूची


पेज नं.

१. सम्मेलनको सार : जमिन चाहियो ........................................२

२. अठोट र ध्यानाकर्षण पत्र ........................................३

३. उद्देश्य ........................................५

४. सम्मेलनका मुल सत्र र तिनका निचोढहरू ........................................५

४.१ पहिलो दिन ........................................५

४.१.१ उद्घाटन सत्र ........................................५

४.१.२ प्रशिक्षण सत्र........................................१०

४.१.२.१ महिलाको आर्थिक अधिकार र आर्थिक सुरक्षा : कृष्ण पाठक........................................१०

४.१.२.२ महिला सहभागिता र शसक्तिकरण : ज्योती बैद्य........................................१२

४.१.२.३ एकल महिलाको सर्घष र सफलता : राजीन रायमाझी........................................१४

४.२ दोस्रो दिन :........................................१५

४.२.१ अधिकार र आन्दोलन : मुकुन्द कट्टेल ........................................१५

४.२.२ भूमिमा महिला अधिकार र संयुक्त लालपूर्जा : कल्पना कार्की ........................................१७

४.२.३ भूमि अधिकार आन्दोलनमा महिला : जगत देउजा........................................२०

४.२.४ प्राकृतिक स्रोत साधन र महिला अधिकार : दिनमणी पोखरेल........................................२३

४.३ तेस्रो दिन ........................................२४

४.३.१ भूमि अधिकार आन्दोलनको भविष्य : जगत बस्नेत ........................................२४

४.३.२ समापन शत्र : ........................................२६

५ अनुसूचीहरू........................................३४

५.१ सम्मेलनको खर्च ........................................३४

५.२ अधिकारमूलक गीतहरू ........................................३५

५.३ सम्मेलनका नाराहरू ........................................४०

५.४ सहभागी विवरण........................................४१

५.५ सम्मेलनका झलकहरू तस्विरमा ........................................४४

# “महिला किसानको आत्मसम्मान, भूस्वामित्व, जीविका र पहिचान”

## महिला किसानको दोस्रो राष्ट्रिय सम्मेलन

## २०-२२, फागुन २०६९

## ठिमूरा, चितवन

### १. सम्मेलनको सार : जमिन चाहियो

कृषि अर्थव्यवस्थामा आधारित नेपाली समाजको मुख्य सम्पत्ति भनेकै खेतियोग्य जमिन हो । यसको आर्थिक महत्व त छ नै उत्तिकै सामाजिक र राजनीतिक पनि । जमिन उत्पादन वृद्दि, सम्पत्ति अभिवृद्दि र दिगो जीवीकाको महत्वपूर्ण आधार हो । त्यसैले त वास्तविक किसानी गर्नेहरू जग्गाको लागि संघर्ष गरिरहेका छन् । एकातिर जग्गाको स्वामित्व किसान परिवारको तहमा पुऱ्याउनुपर्ने सवाल छ भने यो स्वामित्व परिवारका पुरूष मात्र नभएर महिला किसानसम्म पुऱ्याउनुपर्छ भन्ने आवाज पनि बलियोसँग उठ्दैछ । यस्तो स्वामित्व र नियन्त्रण नीजि जग्गामा मात्र हैन । सामुदायिक सम्पत्तिहरू वन र पानी लगायतमा पनि हुनुपर्छ भन्नेमा पनि बहश चर्कदैंछ ।

कृषि उत्पादन कसरी गर्ने भन्नेबारे महिलामा ज्ञानको ठूलो भण्डार छ । उनीहरू खेतिपातीबारे राम्रो जानकारी राख्छन् । त्यसलाई कसरी प्रयोग गर्नुपर्छ भन्ने जान्दछन् । त्यसैले कृषि क्षेत्रमा महिला मुख्य हस्ती हुन । खेतिपातीमात्र हैन, वन, नदीनाला जस्ता प्राकृतिक स्रोतसँग पनि कसैको साइनो नजिकको छ भने त्यो महिलाकै छ । तर अचम्मको कुराचाहिँ यो छ कि कृषिमा दिनरात खट्ने महिलाको भने जमिनमा कुनै अधिकार छैन ।

यिनै विषयमा छलफल गर्न फागुन २०-२२ मा चितवनको ठिमुरामा ४७ जिल्लाका १७७ महिला किसान भेला भएका थिए । यो अवसर राष्ट्रिय भूमि अधिकार मञ्च र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले जुटाएका थिए । सम्मेलनमा मुलत २ खाले किसान सहभागि थिए । पहिलो आफ्नो जमिन नभएर अरूको जमिनमा किसानी गरेर जीवीका धानेका । दोस्रो न्यून आकारको जमिन भएका तर स्वामित्व नभएका । भूमिमा स्वामित्व र सोको नियन्त्रण नहुँदाका अनेकन कथाहरू बोकेर किसान महिला जम्मा भएका थिए । कोही मोहीयानी हक पाउन संघर्ष गरिरहेका सुनाउँथे । कोही आफ्नो परम्परागत खोरिया सामुदायिक वनले खोसेको गुनासो गर्थे । श्रीमानको मृत्युपछि अंश लिन नसकेकाको पीडा कहालीलाग्दो थियो । परिवारकै नाममा जमिन नहुँदा जीविका संकटमा परेको सुनाउने पनि थिए । केहीले परिवारको खानपुग्ने जमिन भएर पनि परिवारीक विभेदका कारण पेटपरी खान नपाएको बताउँथे । हुन पनि कतिपय परिवार सम्पन्न भएरपनि तिनका महिला सदस्य भने विपन्न भएर बाँच्नु परेको छ । घरमा अन्न भएर भोको बस्नु परेको छ ।

भूमिको स्वामित्वले मात्र जिन्दगीमा परिवर्तन ल्याउने महिला किसानको विश्वास देखिन्छ । महिलाको शक्ति बढाउन, भोक र गरीबी घटाउन भूमि लगायत प्राकृतिक स्रोत साधनमा स्वामित्व महत्वपूर्ण हुने उनीहरूले तर्क र तथ्यहरू प्रस्तुत गरेका थिए । संविधान, कानुन र व्यवहारमा तुलना नै गर्न नसकिने खाडल छन् । छोरीले पैत्तृक सम्पत्ति पाउने कानून कार्यान्वयनका हवीगत हेर्ने हो भने यो प्रष्ट देखिन्छ । महिला अधिकारको आन्दोलन पनि यो व्यवस्थाको कार्यान्वयनलाई बल पुऱ्याउने भन्दा मुल विषयबाट बाहिरिएर त्यसको असरको विरोधमा नै रूमलिएको छ । यस्तो परिवेशमा महिला किसानको भूमिमा स्वामित्व नबढाई गरीबी र हिंसा कसरी कम हुन्छ ?

सम्मेलनमा भूमिमा महिलाको अधिकार सुनिश्चित गर्न सम्पत्तिमाथिको अधिकारलाई बहशमा ल्याउने र संयुक्त जग्गाधनीपूर्जाको अभियान विस्तार गर्ने घोषणा गरेका छन् । भूमि अधिकार आन्दोलनलाई सुदृढ पार्न र महिला सहभागिता बढाउन संयुक्त पूर्जाको अभियान महत्वपूर्ण हुने र अहिलेको उपलव्धीमा टेकेर थप गुणात्मक उपलव्धीका लागि संघर्ष गर्ने योजना उनीहरूको छ ।

भूमि अधिकारबाट बञ्चित महिला किसानहरूले गरेको संघर्ष पछि नै सरकारले श्रीमान्‌को नाममा रहेको घर जग्गामा श्रीमतीको नामसमेत राखेर संयुक्त पूर्जा बनाउन सय रूपैयाँ मात्र तिरे पुग्ने व्यवस्था गरेको छ । जग्गामा महिला र पुरूष दुवैको उस्तै अधिकार गराउन यो एउटा राम्रो रणनीति हो । त्यसैले यही व्यवस्थाका आधारमा अघि बढ्न सक्यो भने सम्पत्तिमाथिको असमान अधिकार समान अधिकारमा बदलिन सक्छ ।

महिला किसान सम्मेलनमा, संयुक्त पूर्जा बनाउने कार्यलाई सहुलियत मात्र हैन, कानूनीरूपमै अनिवार्य बनाईनुपर्ने आवाज उठेको छ । जमिनमा महिलाको हक स्थापित गर्न संयुक्त पूर्जा बनाउने कामलाई सहज बनाउन वस्तीवस्तीमा टोली खटाईनुपर्ने र संगोलनामा गराउनको लागि सरल फाराम बनाई निवेदकले नै भर्न सक्ने व्यवस्था गरिनुपर्ने माग पनि गरिएको छ ।

भूमिमाथिको अधिकार, स्वामित्व र त्यसको उपयोग वा खनजोतले दिईरहेको हुन्छ । तर जमिनमा सवभन्दा बढि श्रम गर्ने महिलाहरू नै भूमिको अधिकारबाट वञ्चित छन् । भूमिमा स्वामित्व नहुँदा न्यायपूर्ण लैङ्गिक सम्बन्ध बन्न सकेको छैन । भूमि भएकै परिवारमा पनि पुरूष सम्पन्न र महिला विपन्न वर्ग भएर बाँच्नु परिरहेको छ । भूमिको स्वामित्व नहुँदा पुरूष जत्तिकै महिलाले उही मात्रामा सुख र खुशीको अनुभव गर्न पाएका छैनन् ।

भूमिमा स्वामित्व, उत्पादन कार्यमा निर्णय र सहभागिता अनि उत्पादित वस्तुको पूर्ण उपभोगको अधिकार । यो नै सम्मेलनको केन्द्रीय विषयवस्तु थियो । सम्मेलनले भूमिमा महिलाको स्वामित्वको बहशलाई बाहिर ल्याएको छ । संयुक्त पूर्जा त्यसको एउटा भरपर्दो उपाय बनेको छ । भूमिमाथि महिला किसानको अधिकारले समानताको आन्दोलनलाई बल पुर्‍याउँछ । सम्पत्तिको फाईदा स्वामित्वले मात्र हैन त्यसको उपयुक्त नियन्त्रण र उपभोगले दिन्छ । भूमि, महिला र तिनका परिवारको समुन्नती, खाद्यसुरक्षा, शक्ति, न्याय, सम्मान, पहिचान बढाउन र गरीबी, भोक, शोषण, अन्याय, हिंसा र विभेदको अन्त्य गर्न महत्वपूर्ण हुनेछ ।

## २. भूमिमा महिला किसानहरूको राष्ट्रिय सम्मेलनबाट पारित, अठोट र ध्यानाकर्षण पत्र

हामी ४७ जिल्लाका १ सय ७७ महिला किसान चितवनको ठिमूरामा भेला भयौं । भूमि अधिकारको आन्दोलन र भूमिमा महिलाको स्वामित्व बढाउने विषयमा छलफल गर्‍यौं । महिला किसानको आत्मसम्मान, जीवीका र पहिचानका लागि भूस्वामित्व अनिवार्य भएको विषयमा चिन्तन मनन् गर्‍यौं । हाम्रो संगठन राष्ट्रिय भूमि अधिकार मञ्चलाई बलियो र समावेशी बनाउने विषयमा योजना बनायौं । भूमि अधिकार आन्दोलनलाई थप बलियो बनाउने अठोट गर्‍यौं । भूमिमा महिला स्वामित्व बढाउने रणनीति बनायौं ।

**हामी अठोट गर्दछौं,**

- संयुक्त लालपूर्जाको अभियान २१ जिल्लामा भईरहेकोमा अवको ३ महिना भित्रमा यस सम्मेलनमा सहभागी ४७ वटै जिल्लामा पुर्‍याउनेछौं । यस्तो अभियानलाई फैलाउन र प्रभावकारी बनाउन मञ्च बाहेक गाविस, राजनीतिक दल र अन्य संगठनसँग समेत संम्वाद र सहकार्य बढाउनेछौं । यहाँ आउने प्रत्येक अगुवाले संयुक्त पूर्जा बनाउन लागि पर्नेछौं । भूमि अधिकार आन्दोलनलाई सुदृढ पार्न र महिला

सहभागिता बढाउन संयुक्त पूर्जाको अभियान महत्वपूर्ण हुने र अहिलेको उपलब्धीमा टेकेर थप गुणात्मक उपलब्धीका लागि संघर्ष गर्न सहमत भयौं ।

- प्रत्येक जिल्लामा संगठनका सदस्य, तिनका अगुवा, जग्गा पाउनेको महिला र पुरूषको अनुपात, गाउँ मञ्च र जिल्ला मञ्चको लैङ्गिक अवस्थाको नक्शाङ्कन गरी पूर्ण समावेशी बनाउने कार्ययोजना बनाई लागु गर्नेछौं ।
- सुकुम्वासी आयोगले वितरण गरीरहेको सुकुम्वासी परिचय-पत्र वितरणमा पुरूषलाई मात्र प्राथामिकता दिईएको छ । यस्तो परिचय-पत्र महिला र पुरूष दुवैको हुनेगरी वितरण गर्न २५ वटै जिल्लामा खवरदारी गर्नेछौं ।
- भूमि अधिकारका लागि २०६९ को चैतभर देशका विभिन्न दश स्थानमा हुने भूमि अधिकार सभामा भूमिमा किसान र महिला स्वामित्वको सवाललाई प्रमुखताका साथ उठाउनेछौं ।
- भूमिसुधारका विषयमा राजनीतिक दलहरूसँग गाउँ, जिल्ला र केन्द्रमा सघन संम्वाद बढाउनेछौं । आगामी निर्वाचनमा भूमिअधिकारबाट बञ्चित र किसानसँग मत माग्न आउने दललाई भूमिसुधारको खाका बनाई आउन भन्ने र सो खाका एवं तिनका कार्यकर्ताले भूमिसुधारका सम्बन्धमा गरेका व्यवहार हेरर मात्र विश्वास गर्नेछौं ।
- सामुदायिक वनमा भूमिहीन तथा गरीब महिलाको सदस्यता, वन स्रोतको उपभोग र खाली जग्गा उपभोगको विषयलाई कार्यान्वयनमा ल्याउन लागि पर्छौं । सामुदायिक भूमिसुधारको अभ्यासलाई आ-आफ्नो समुदायबाट शुरूवात गर्नेछौं ।

**भूमिसुधार तथा व्यवस्था मन्त्रालयसँग,**

- संयुक्त पूर्जा बनाउने कार्यलाई कानुनी रूपमै अनिवार्य बनाईनुपर्छ । जमिनमा महिलाको हक स्थापीत गर्न संयुक्त पूर्जा बनाउने कामलाई सहज बनाउन वस्ती-वस्तीमा टोली खटाईनुपर्छ । मालपोत कार्यालयको वडापत्रमा यस सम्बन्धी प्रावधान उल्लेख गर्नुपर्दछ । संयुक्त पूर्जा दिन उपयुक्त जग्गाधनी पूर्जा पठाईनुपर्छ । सुकुम्वासीले यस अघि पाएका जग्गामा पनि संगोलनामा गराउन पाउने प्रावधान हुनुपर्दछ । संगोलनामा गराउनको लागि सरल फाराम बनाई निवेदकले नै भर्न सक्ने लेखनदासको मद्दत नचाहिने सरल व्यवस्था गरीनुपर्दछ ।

**राष्ट्रिय महिला आयोगसँग,**

- भूमिमा श्रम गर्ने महिला किसान, जो भूमिको अधिकारबाट बञ्चित छन् वा अति न्यून आकारको भूमिमा गुजारा गरीरहेका छन् । उनीहरूको भूस्वामित्व बढाउने विषयलाई आयोगले प्रमुख विषय बनाई आयोगको रणनीतिमा समावेश गर्नुपर्छ । महिला अधिकार आन्दोलनको महत्वपूर्ण विषय बनाउन सहजीकरण गरीनुपर्दछ ।
- भूमि अधिकारबाट बञ्चितको वस्ती उठाउने, वेदखली गर्ने, मुद्दा मामिला लगाउने कार्य बढिरहेको छ । यस्तो कार्यले महिला तथा बालबालिकालाई सबभन्दा बढी असर गरीरहेको छ । यस्तो कार्यहुन नदिन आयोगले सरकारलाई सचेत गराउँनुपर्दछ ।

**राजनीतिक दलसँग,**

- भूमिमा महिला स्वामित्व बढाउन संयुक्त पूर्जा बनाउने कार्यलाई पार्टी भित्र बहशको विषय बनाइनुपर्दछ । र यसलाई अभियानको रूपमा सञ्चालन गरीनुपर्दछ ।

- भूमिसुधार तथा व्यवस्था मन्त्रालयले भूमिसुधार सम्बन्धि तयार पारेको कार्ययोजना लागु गर्न दवाव दिनुपर्दछ ।

यो महिला र तिनका परिवारको समुन्नती, खाद्यसुरक्षा, शक्ति, न्याय, सम्मान, पहिचान बढाउन र गरीबी, भोक, शोषण, अन्याय, हिंसा र विभेदको अन्त्य गर्न महत्वपूर्ण हुनेछ । कृषिको महिलाकरण भईरहेको छ तर पहुँच र नियन्त्रण खास महिला किसानको बढेको छैन । भूमिमा महिलाको अधिकारको लागि हाम्रो लँडाई जारी छ । दिगो, आत्मनिर्भर, सचेत र न्यायपूर्ण समाज हाम्रो गन्तव्य हो ।

**३. उद्देश्य :**

- भूमिमा महिला अधिकार अभियानलाई सशक्त बनाउन अगूवाहरूमा वैचारीक ज्ञान बढाउने ।
- विभिन्न जिल्लामा भूमिमा महिला अधिकारका लागि संघर्षरत महिला अगूवाहरूको सिकाई, भोगाईहरू आदान-प्रदान गर्ने र ग्रामीण महिलाहरूको भूमि अधिकारका सवाललाई बाहिर ल्याउने ।
- सरकारले ल्याएको संयुक्त (पति र पत्नीको संगोलनामा) पूर्जाको नीति कार्यान्वयनका लागि सशक्त अभियानको रणनीति तथा कार्यक्रम तय गर्ने ।
- भूमिमा महिला अधिकारको सवाललाई नीति तथा योजनामा पार्न राज्य, राजनीतिक दल, सरोकारवाला संघ-संस्था र संचार माध्यममार्फत मार्फत बहशको सुरूवात गर्ने ।

**४. सम्मेलनका मुल सत्र र तिनका निचोढहरू :**

**४.१ पहिलो दिन :**

**४.१.१ उद्घाटन सत्र :**

पहिलो दिन बिहानको ११ बजे सम्मेलन सुरू गरियो । कार्यक्रम सुरू गर्नुपूर्व भूमिअभियानका कलाकारले गीत गाएका थिए । कार्यक्रमको सञ्चालन सामुदायिक आत्मानिर्भर सेवा केन्द्रकी क्षेत्रीय कार्यक्रम अधिकृत कल्पना कार्कीले गर्नुभएको थियो ।

कार्यक्रमको औपचारीक उद्घाटन लुथरन विश्व फेडेरेशनका आवासीय प्रतिनिधी मार्सेलिन पी रोजारियोले दुई वटा गमलामा विरूवा रोपेर गर्नुभएको थियो । उद्घाटन पछि अतिथीहरूलाई आयोजकले फूल दिएका थिए ।

सम्मेलनका प्रतिनिधी र अथितीलाई राष्ट्रिय भूमि अधिकार मञ्चकी सचिव सरस्वती सुव्वाले स्वागत गर्नुभयो । उहाँले महिलाले जमिन र कृषिमा गरेको मिहेनतको मुल्याकंन नभएको बताउनुभयो । अन्न उत्पादन गर्ने महिलाले एक पेट खान पाएको अवस्था छैन् । जमिनको स्वामित्व छैन्, हकभोगको अधिकार छैन् । आन्दोलनको बलमा सरकारले सयमा संयुक्त पुर्जाको नीति ल्यायो, यो सकरात्मक पक्ष हो, यसलाई हामी सबैले कार्यान्वयमा लानुपर्दछ । दोस्रो सम्मेलन सफल पार्न आउनुहुने सबैलाई स्वागत गर्दछु ।

**चित्रकुमारी न्यौपाने, सदस्य, जिल्ला भूमिअधिकार मञ्च, रसुवा**

जमिनमा महिलाको स्वामित्व छैन् । केही महिलासँग भएपनि नगन्य छ । हामीलाई भूमिमा श्रम गर्दा खुशी लाग्छ । तर जमिनको जति माया लागेपनि त्यसको स्वामित्व नहुँदा दुःख लाग्छ । संर्घष गर्ने महिला, तर महिला स्वामित्वमा किन जमिन छैन् ? पुरूष जन्माउने पनि महिला नै हुन । नेता बनाउने पनि महिला नै हुन् । धर्तीको संरक्षण गर्ने, धर्तीलाई ऊर्वरा बनाउने पनि महिलाले नै हुन् । तर तिनै महिला असुरक्षित छन्, तिनै महिला शोषित, पीडित र दमित छन् । महिलाको सहभागिता बिना परिवर्तन सम्भव छैन् । त्यसैले हरेक क्षेत्रमा महिलाको पनि समान सहभागिता हुनुपर्ने छ । कानून बनाउने, राज्यको नीति बनाउने राजनीति हो, अव हामी महिलाहरूले राजनीतिमा सबै क्षेत्रबाट कव्जा गर्न थाल्नुपर्छ, । राजनीतिक दलका उच्च तहमा नेतृत्व लिन थाल्नुपर्छ, अनि मात्र महिला मैत्री कानून बनाउन सकिन्छ, महिलाका नाममा भूस्वामित्व कायम गर्न सकिन्छ, महिलाका पक्षमा धेरै विकास गर्न सकिन्छ ।

**हिरा दमाई, अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, बैतडी**

महिलालाई पहिलेदेखी नै दबाईएको छ । कतिपय महिलाहरूले गर्भमा नै पीडित हुनु परेको छ । गर्भावस्थामा पुरा पेट खान नपाएकै कारण अधिकाशं बालबच्चाहरू कुपोषित जन्मेका छन्, ती महिलाहरू विभिन्न रोगको संक्रमणबाट पीडित हुनु परेको छ । गाउँघरमा पुरूषले भएका सम्पत्ति सबै आफ्नै हो भन्छन् । नारा लगाइयो, जुलुस गरियो । गाउँदेखि केन्द्रसम्म अभियान गरियो । तर सरकारले हाम्रो मागलाई सुनेको छैन । हामीले आन्दोलनमा अझै हार खाएको छैनौं । अझै सघर्ष गर्नेछौं । म सबै महिला दिदिबहिनीलाई एकजुट भएर अघि बढ्न आग्रह गर्दछु ।

**गुलावदेबी राम, उपाध्यक्ष, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल**

'आधा पुरूष आधा नारी, जमिनमा हक बराबरी' भन्ने नारालाई सार्थक बनाउन हामी आफैंले पनि शुरू गर्नुपर्‍यो । आफूले सुरू गर्‍यौं भने मात्र अरूले पनि हाम्रो आन्दोलन र माग प्रति विश्वास गर्छन् । यदी कोहीसँग थोरैपनि जमिन छ भने श्रीमान् श्रीमतीको नाममा संगोलनामा गरेर आधा पुरूष आधा नारीको नारालाई सार्थकता दिन सक्छौं । अझै पनि हाम्रो जमिनमा पहुँच छैन् । भूमिहीन छौं । हामीलाई ५ केजि धानमा दिनभर खटाइन्छ । दुःख दिइन्छ । परिवार पाल्न सकेका छैनौं । बालबच्चाको पालन पोषणको जिम्मा कसले लिइदिन्छ ? यस्तो अवस्थामा हामीलाई गरीखाने जमिन चाहिएको छ ।

**दुलहन चौधरी, सदस्य बेलबारी गाउँ भूमिअधिकार मञ्च, मोरङ्ग,**

हामी निरन्तर बालबच्चा र घरको काम छाडेर भएपनि आन्दोलनमा जुटिरहेका छौं । हाम्रो माग सरकारले सुन्नै पर्दछ । हामी सबैको पीडा एउटै हो । आन्दोलनलाई एकजुट भएर अगाडि बढाउन आवश्यक छ । एउटै कोखबाट जन्मेका छोरीले परिवारबाट समेत सम्पती पाएका छैनौं । हाम्रो पीडा पुरूषले बुझ्न सक्दैनन् । हामीले पैतृक सम्पतीमा पनि समान हक खोज्नु पर्दछ । नदिए खोस्नु पर्दछ । अनि मात्र आन्दोलनको प्रभाव सबैमा पर्न थाल्छ । आन्दोलनले सार्थकता पाउँछ, हामी महिलाको आत्मसम्मान बढ्छ ।

**जगत बस्नेत, कार्यकारी निर्देशक, सामुदायिक आत्मनिर्भर केन्द्र**

सामुदायिक आत्मनिर्भर केन्द्रले महिलाको पहिचान र भूमिअधिकारबाट बञ्चितको भूमिअधिकारको लागि अभियान गर्न थालेको २० वर्ष भयो । तपाईहरूको सक्रिय उपस्थितीले संस्थागत रूपमा थप ऊर्जा प्राप्त भएको

महसुस गरेको छौं । म भारतको बोधगयाका महिलाको भनाई राख्न चाहान्छु । “हे बुबा तपाई जहिले पनि भन्ने गर्नुहुन्थ्यो तिमी र तिम्रो दाजुभाई एउटै हो, मलाई लाग्थ्यो ति हरिया, खेत र बारी मेरा र दाजुभाईका हुन्, तर आज तिमीले मलाई धोका दियौं, मलाई अर्काकै बनाईदियौं, मेरो डोली उठ्यो, म सधैंको लागि ति हरिया खेत र बारी छाडेर जादैछु, यी दिएका दाईजो केही पनि होइनन्, तिनले मलाई हिंसा मात्र गर्नेछन्, दाइजो रूपी ति गहनाले मेरो कानमा घाउ मात्र बनाउनेछन्, मलाई दाईजो होइन् ति हरीया खेतबारीमा हक देऊ, अनि हुन्छु दाजु र भाइ सरह म पनि । त्यसैले हामीलाई दाइजो होइन् जमिनको हक देऊ, त्यसैमा हाम्रो पहिचान, स्वतन्त्रता छ र आत्मसम्मान छ, ।” हो यस्तौ लडाई तपाईंहरू लडिरहनु भएको छ, । यसमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सधैं साथ रहनेछ ।

कृषिमा महिलाको ६० प्रतिशत योगदान छ । त्यती धेरै योगदान गर्ने महिलामध्ये १९ प्रतिशत महिलाको मात्र जमिनमा स्वामित्व छ । त्यो पनि शहरी र हुनेखाने महिलाको मात्र हो, ग्रामीण महिलाको त नगन्य मात्रामा मात्र जमिनमा स्वामित्व छ । ग्रामीण महिलाहरू जमिनमा स्वामित्वको अधिकारको लडाईमा पछाडी छन् । यसमा हामीले विचार गर्नु जरूरी छ । यस्त विषयमा सम्मेलनमा छलफल गरी एउटा मार्गदर्शन बनाउनुहुने छ भन्ने आशा राखेका छौं ।

म केही समयअघि सुर्खेत गएको थिए । त्यहाँ मैले के पाए भने, ‘महिला जति बचत समूह र सहकारीमा, पुरूषजति लालपूर्जामा’ हो, महिलालाई त्यही बचत समूह र सहकारीले अल्झाएको छ । मेरो भनाईको अर्थ समूह र सहकारीमा महिलालाई नबस्नुस् भन्न खोजेको होइन्, अव त्यो भन्दा माथि उठ्न पर्‍यो भन्नेमा मेरो जोड हो । महिलाहरूले बचत गर्छन् तर त्यसको नियन्त्रण र परिचालन फेरी पुरूषले नै गर्छन्, त्यसमा महिलाको नियन्त्रण कमै छ ।

अहिलेसम्म भूमिमा महिलाको स्वामित्व किन भन्ने विषयमा छलफल नै भएन् । यसको तथ्याङ्क नै छैन् । गाविस तहमा कति महिलाको भूमिमा स्वामित्व भयो त ? यसमा छलफल गर्ने कि नगर्ने ? भूमिमा महिलाको स्वामित्व बारे सैद्धान्तिक कुरा मात्र भइरह्यो, व्यवहारीक पक्षमा कसैबाट पनि जोड दिइएन् ।

खेतबारीमा महिलाले जति धेरै काम गरेपनि उनीहरूलाई महिला किसान भनेर भनिएन् । किसान भनेका पुरूष मात्रै हो भन्ने मानसिकता कायमै रहेको छ ।

धेरै व्यक्ति र संस्थाले महिलाको भू-स्वामित्वका विषयमा कुरै गरेनन् । कुरा गर्नेले चर्को कुरा गरे । भाषण मात्र गरे, व्यवहारीक कुरा गरेनन्, यसकारण सबै संस्थालाई कसरी एकबद्ध गराउने, व्यवहारीक रूपमा ती विषयलाई कसरी चिर्ने र विकल्प के दिने भन्ने कुरा छन् ।

राज्यको भूमि प्रशासनमा एक जना पनि महिलाको प्रतिनिधित्व छैन् अनि कसरी हुन्छ महिलाको पक्षमा निणर्य ? यस्ता विषयमा हामीले विचार गर्नुपर्छ ।

महिलाको भूस्वामित्वको विषयमा राजनीतिक दल र सरकारको चासो नै नभएको अवस्था छ । एउटा आन्दोलनबाट सयमा संयुक्त पूर्जा आयो तर यसलाई राजनीतिक दल र सरकारले तल्लो तह सम्म लानको लागि केही गरेका छैनन् । जिल्ला तहका कतिपय मालपोत अधिकृतलाई यो विषयमा थाहा नै छैन्, राजनीतिक दल र सरकारले यस्ता विषयमा किन चासो दिएका छैनन् ? यस्ता विषयहरू भूमिअधिकार मञ्चको मात्र जिम्माको कुरा त पक्कै होइन् होला ।

शक्तिले शक्तिको मात्रै सम्मान गर्छ । मात्र ५ हजार महिला सडकमा उभिनुस्त राजनीतिक दल, सामाजिक संघ संस्थाहरू समेत तपाईहरूको कुरा सुन्न तयार हुन्छन्, । त्यसैले हरेक क्षेत्रमा महिलाहरूको एकताको खाँचो छ । महिलाहरूलाई संगठीत गर्नको लागि सांस्कृतिक रूपमा अभियान कसरी लैजाने भन्ने सोंच्नु जरूरी छ । हाम्रो सामाजिक संरचनाले पनि महिलाहरूलाई असंगठीत बन्न बाध्य बनाईदिएको छ ।

हाम्रो आन्दोलन अझै शसक्त छैन । भएको आन्दोलन पनि विभाजीत छ । जिल्लामा महिला हिंसाको घटनाहरू बढेर गइरहेको छ । शसक्त रूपमा आन्दोलनलाई कसरी उठाउने भन्ने बारेमा महिला दिदिबहिनीहरूले समयमै सोंच्नु जरूरी छ ।

सम्मेलनमा सिकेका कुराहरूलाई लिएर गाउँ तहमा गएर कसरी भूमि माथिको अधिकारको लागि लड्ने, कसरी आन्दोलनलाई उठाउने भन्ने कुरा महत्वपूर्ण पक्ष हो । त्यस्तो इच्छाशक्ति सबैमा हुनुपर्छ अनि मात्र यस्ता सम्मेलनको अर्थ रहन्छ ।

### सोमप्रसाद भण्डारी, अध्यक्ष राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

महिलाले जति नै भूमिमा परिश्रम गरेपनि भूमिमाथिको हक खोसिएको छ । यस्तो अवस्थामा यो सम्मेलनले महिलाको भूमि हक खोज्नका लागि सबैलाई एकतामा बाँध्न मद्दत गर्नेछ । महिलालाई, आधा धर्ती ओगट्ने, सन्तान जन्माउने, हुर्काउने बढाउने भनिन्छ, तर ति महिला किन पीडित बन्नु परेको छ ? किन आधा धर्ती ओगट्ने महिलाको भूमिमा स्वामित्व छैन् ? त्यसैले महिलामा रहेको यस्ता अनेकन समस्याको कसरी दिर्घकालिन रूपमा समाधान गर्न सकिन्छ भनी ठोस रूपमा कार्ययोजना बनाउनको लागी सम्मेलनको आयोजना भएको छ, मलाई आशा छ यहाँहरूले यो सम्मेलनलाई सिकाई मूलक बनाई आ-आफ्नो क्षेत्रमा गई भूमिमाथिको अधिकारको लागि हक खोज्नुहुनेछ, लडाई लड्नुहुनेछ ।

महिलालाई जिउँदै जलाएर मार्ने, भिरबाट खसालेर मार्ने, घरभित्रै कुटपिट गर्ने, सार्वजनिक स्थलमा हिंसा गर्ने जस्ता जघन्य उपराधका श्रृङखलाहरू बढ्दो छ । यसो हुनुको कारण भूमिमा, सम्पत्तिमा महिलाको हक नभएकाले पनि हो । यसमा राज्यले पनि महिलालाई त्यती न्याय दिएको अवस्था छैन् । यस्ता जघन्य हिंसा अन्त्य गर्न सबैले अठोट गर्ने आशा लिएको छौं ।

### मुकुन्द कट्टेल, मानवअधिकार सल्लाहकार, डानिडा ह्युगो

डानिडा ह्युगो डेनमार्क सरकारको सहयोगमा नेपालमा मानव अधिकार र सुशासन कार्यक्रम सञ्चालन गर्नको लागि स्थापना भएको संस्था हो । म यो संस्थाको तर्फबाट सम्मेलन सफलताको कामना गर्नको लागि यहाँ उपस्थित  छु । संस्थाले भूमि आन्दोलनको लागि १० वर्ष पहिलेदेखि सहयोग गरिरहेको छ । भूमिहीन र भूमिमा आश्रित परिवारसँग भूमि नहुन्जेलसम्म मानव अधिकारको अर्थ रहन्न भन्ने हाम्रो मान्यता हो । अधिकार र भूमि आन्दोलन एक अर्कामा गाँसिएका छन् । भूमिअधिकार आन्दोलन मानव अधिकार आन्दोलनसँग गाँसिएको हुँदा यो आन्दोलनको लागि हाम्रो तर्फबाट सहयोग निरन्तर हुनेछ । तपाईहरू लक्ष्य अनुसार अगाडि बढ्नुहोस् अवश्य एकदिन सफल हुनुहुनेछ । त्यो दिन नजिक छ ।

**गुरूदत्त सुवेदी, मालपोत अधिकृत, मालपोत कार्यालय, चितवन**

भूमिमा महिलाको स्वामित्व बढाउन सरकारले ४-५ वर्ष पहिलेदेखि पहल लिएको छ । महिलाको नाममा रजिष्ट्रशन गर्दा शहरी क्षेत्रमा २५, गाउँमा ३० र हिमाली क्षेत्रमा ४० प्रतिशत राजश्यमा छुट दिने व्यवस्था गरेको छ । यसले महिलाको भूस्वामित्व बढ्दै गएको पाईन्छ । चिवतनमा ५१ प्रतिशत भन्दा बढि जमिन महिलाको नाममा रजिष्ट्रेशन हुन थालेको छ । यो नीति अवको १० वर्षसम्म मात्र रहने हो भने पनि महिलाको स्वामित्व पुरूषको तुलनामा बढ्ने छ ।

गत वर्षदेखी मात्रै सरकारले श्रीमानको नाममा भएको घरजग्गामा श्रीमतीको संगोलनामा गराउँदा एक सय रूपैँया मात्र लाग्ने व्यवस्था गरेको छ । यसको लागि झन्झट पनि छैन । न गाविसको सिफारिस चाहिन्छ, न घरबाटोको । एउटा लिखत गरे पुग्छ । यसले पनि भूमिमा महिलाको स्वामित्व बढाउन मद्दत गर्छ । तर यो विषयमा उचित प्रचार-प्रसार हुन सकेको अवस्था छैन् ।

जहिले पनि पुरूषले महिलालाई थिचोमिचो गर्ने, हिंसा गर्ने, घर सम्पत्ति महिला र परिवारलाई थाहा नदिइकन् बेचबिखन गर्ने, वहुविवाह गर्ने, जस्ता कारणले गर्दा महिला असुरक्षित छन् । महिलाको सुरक्षा, आत्मासम्मान लागी भूस्वामित्व आवश्यक भएको हो । यसरी जग्गा पाउनको लागी महिलाको भूमिकामा पनि अभियानबाट सचेत गराउनुपर्छ । श्रीमान् र श्रीमती दुवैको नाममा भयो भने त एक जना मात्रले केही गर्न सक्दैन्, त्यसैले संयुक्त पूर्जाको धेरै महत्व छ ।

**मार्सैलिन पी रोजारियो, देशीय प्रतिनिधी, लुथरन विश्व फेडरेशन, नेपाल**

हामी केही समयदेखि भूमिअधिकार आन्दोलनका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग सहकार्य गर्दै आइरहेका छौ । हाम्रो विश्वास छ, भूमिमा महिलाको अधिकार सुनिश्चित हुनुपर्छ, मानव अधिकारको कुरा जस्तै भूमिअधिकार पनि एक हो । यो अधिकार सुनिश्चित हुनुपर्छ भन्ने हामीलाई लाग्दछ । हामी सबैले मिलेर गर्‍यो भने अवश्य पनि भूमिमा स्वामित्व कायम हुनेछ ।

हामी यो आन्दोलनको अभिन्न अगं हुन आएका छौं र तपाईहरूसँगै हिड्ने छौं । तपाईहरूले आफ्ना समस्यामा गहन र मसिनोसँग छलफल गर्नुहुनेछ र यसबाट निष्कर्ष निकाल्नुहुनेछ भन्ने हामीले विश्वास लिएका छौं । तपाईहरूले निकालेको निष्कर्षले आन्दोलनको नयाँ बाटो खन्ने छ । मैले यहाँ तपाईहरूको अनुहार देख्दा हामी रसुवा, ललितपुर, डडेलधुरा लगायतका जिल्ला घुम्दा देखेको उपलब्धिमुलक कामहरूको झलझली याद आएको छ ।

म नेपालमा बसेको १० वर्ष भयो, यो अवधीमा मैले नेपालमा धेरे परिवर्तन भएको देखेको छु त्यो मध्ये महिला अधिकार र भूमिअधिकारको आन्दोलन पनि एक हो । नेपालमा अरू देशको भन्दा पृथक आन्दोलन छ । अहिले सबै सरकारी अधिकारीहरू यो आन्दोलन र तपाइहरू प्रति सहयोगी र सकारात्मक भएको पाएको छु । तपाईहरूलाई सहयोग गर्न उहाँहरू धेरै तयार भएको पाएको छु यो सकारात्मक उपलब्धी हो । महिलाको भूमिअधिकारको कुरा गर्दा पुरूषको पनि सहयोगको आवश्यकता अपरिहार्य छ । यो अभियानमा उनीहरूको पनि सहयोग र साथको आवश्यकता छ । तपाइहरू यहाँ नरोकिनुहोस् आन्दोलन गर्न पुगेको छैन्, अझै अगाडी बढ्नुहोस् तपाइहरूको जीत अवश्य हुनेछ ।

**रेनुका पौडेल, सचिव, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

भूमिमा महिलाको स्वामित्व हुनैपर्छ । दुई हातका नङ्ग्रा खियाएको यो माटो हाम्रो हुनुपर्छ अनि मात्र हाम्रो पहिचान हुन्छ । हामी महिला लामो समयदेखि भूमिअधिकारको आन्दोलनमा लागीरहेका छौँ । महिला कसैको आमा, कसैको छोरी, कसैको बुहारी, कसैको श्रीमती भनेर दोस्रो नाममा अथवा उपनामले चिनिनु परेको अवस्था छ यसले गर्दा पनि महिलाहरू पीडित बन्नु परेको छ, । अव हामीले के प्रण गर्नुपर्छ भने अव कसैको उपनामले होइन्, आफ्नै नामले चिनिनु पर्छ ।

महिला विरूद्ध हिंसा हुनु भनेको हामी महिलासँग स्रोत र साधनमा हक नभएर हो । हामीले अव घरपरिवारबाट नै अधिकार लिन थाल्नुपर्छ, । घरपरिवारबाट नै मान सम्मान र स्वामित्व लिन थाल्नुपर्छ अनि मात्र अन्य ठाउँमा दाबी गर्न सक्छौं । जमिन भनेको आत्मबल हो, आत्मविश्वास हो त्यसैले हामीले जमिनको अधिकारको लागि लड्नु पर्छ ।

## ४.१.२ प्रशिक्षण सत्र

### ४.१.२.१ महिलाको आर्थिक अधिकार र आर्थिक सुरक्षा : कृष्ण पाठक, कार्यक्रम संयोजक, लुथरन विश्व फेडेरेशन, नेपाल

महिलाहरूको आर्थिक सुरक्षा भन्नाले के बुझिन्छ ? यस प्रश्नमा सहभागिले सम्पत्ति जोगाउने, भएको सम्पत्तिको संरक्षण गर्ने, कुनै सम्पत्ति जोगाई राख्नु वा जतन गर्नु सुरक्षा हो भनेका थिए ।

समुदायमा महिला कसरी असुरक्षित छन ? किन सुरक्षा चाहियो महिलालाई ? भन्ने प्रश्नमा सहभागिले महिला शारिरीक रूपमा असुरक्षित छन् । उनीहरू पुरूषको आखाँको तारो बन्छन् । जहाँपनि महिलामाथि आक्रमण हुन्छ भन्ने भनाई राखे । त्यसैगरी महिलालाई बढि सुरक्षा चाहिनुमा उनीहरू शारिरीक रूपले कामको बोझले गर्दा धेरै अस्वस्थ हुने, सामाजिक रूपमा विभिन्न लान्छनाहरू लगाईने, बोक्सी भनी सामाजिक अपहेलनामा पर्ने, बलात्कारका सिकार बन्ने, महिलालाई आर्थिक उपार्जन हुने खालको रोजगारी गर्न नदिईने आर्थिक समस्यामा पार्ने, उनीहरूलाई परनिर्भरता तर्फ धकल्ने, दाईजोको कारण हिंसा तथा हत्या गर्ने, बहुविवाह गरी घरनिकाला गर्ने, सम्पत्तिमा बन्देज लगाईने र छोरी पाउँदा हेला गर्ने संस्कार र परम्परा रहेको कारण महिलालाई असुरक्षित रहेको बताए ।

महिलाले चाहेर बच्चा जन्माउन नपाउने, छोरी हुने भयो भने गर्भपतन गराउन परिवार र श्रीमान्ले नै दवाव दिने, पढाई लेखाईमा छोराछोरीमा भेदभाव गर्ने कार्यले महिलालाई सुरक्षा चाहिएको हो । महिलाको आफ्नो स्वामित्वमा भूमि र सम्पत्ति कुनै पनि नभएकोले महिला विरूद्ध हिंसा बढ्दै गएकाले भूस्वामित्व माग भएको हो । महिलालसँग यदि भूमि हुने हो भने उनीहरूले गरीखान सक्छन्, अरूको भर पर्नुपर्ने अवस्था आउँदैन । भूमि भयो भने उनीहरूमा आत्मसम्मान बढ्छ भन्ने कारणले गर्दा भूमिमा महिलाको अधिकारको मुद्दा उठेको हो ।

पाठकले, डा. प्रभा कैनीद्धारा लिखित एउटा कितावमा भएको यस्तै एउटा सर्न्दथ पनि सुनाउनुभयो । "पहाडबाट काठमाडौं आएका एक श्रीमान् श्रीमती कोठा भाडामा लिई बसेका थिए । काठमाडौंमा प्राय: बाहिरबाट आउनेको घर हुँदैन्, घर नभएपछि कोठामा नै पाहुनाहरूलाई पनि राख्नु पर्ने हुन्छ । सधैजसो श्रीमान्को नै पाहुना आउने गर्थे, तर एक दिन श्रीमतीको नजिकको पाहुना आउनुभयो ती पाहुना आएकोमा श्रीमान् धेरै रिसाए । श्रीमान्ले श्रीमतीलाई किन पाहुना बोलाएको, कसलाई सोधेर बोलाएकी ? भनी असाध्यै गाली गरे । उसको श्रीमतीले भने

वर्षौ सम्म श्रीमान्को पाहुनालाई जति पऱ्यो त्यति सेवा गर्नुहुने तर उनको एक दिन पाहुना आउँदा त्यति धेरै गाली गर्नु पर्ने त्यसको कारण के हो त ? हामीले यस्ता कुरामा ध्यान दिनु जुरूरी छ ।

त्यहाँ श्रीमान्ले आफ्नो मात्र कमाइको घमण्ड गरेको कारणले गर्दा श्रीमतीलाई गाली गरेको हो । कानूनी रूपमा त्यो घर वा सम्पत्ति पुरूषको नाममा थियो होला तर त्यसमा महिलाको पनि उत्तिकै मिहेनत र लगानी थियो । उसले श्रीमतीको मतलव र योगदानको प्रवाह नै नगरीकन गाली गऱ्यो । त्यसपछि उनकी श्रीमतीले भनीन् यो सम्पत्ति तिम्रो मात्रै होइन् मिस्टर..यसमा मेरो पनि छ । यस घटनाले गर्दा त्यो परिवारमा कलह भयो । श्रीमान् श्रीमतीको झगडा सुरू भयो । श्रीमतीले सोंचिन मेरो आत्मसम्मान गुम्यो अर्थात मेरो सम्मान भएन्, । म यसरी हेपिएर कति दिन बस्ने ? मेरो अस्थित्व किन स्वीकार गरिएन ? उनले सोंचिन, म महिला भएकै कारण मेरो अस्थित्व स्वीकार गरिएन !

यही विषयमा उनीहरूको विवाद बढेपछि श्रीमतीले श्रीमान्लाई छाडीन् । श्रीमती पनि आफ्नो पेशा गर्थिन् । उनले आफ्नो पेशामा लागेर जीवन धान्न थालिन् । यसले के सन्देश दियो भन्दा जुन दिन महिलाको आत्ममा ठेस लाग्यो त्यो दिनदेखि महिलाले आफ्नो श्रीमान्लाई त्यागिन । त्यसकारण मानिसको आत्मसम्मान भन्ने कुरा ज्यादै ठुलो कुरा हो । यसको मतलव यसरी तपाई आमा दिदिबहिनीहरूले पनि यस्तै गर्नुहोस् वा गर्नुपर्छ भन्न खोजेको होइन्, तर महिला र पुरूष बराबर हो भन्ने कुरा नै महत्वपूर्ण पक्ष हो । यसको विषयमा हामीले सबैलाई बुझाउन आवश्यक छ ।

सबैको आत्मसम्मान बराबर हुनुपर्छ । कसैले कसैलाई सानो, ठुलो वा म नै सर्वेसर्वा ठान्नु हुँदैन् । तपाईहरूले अहिले देखि नै आफ्नो-आफ्नो घरबाट आत्मसम्मान, हरेक कुरामा बराबरी हिस्सेदारी लिने, आफ्नो-आफ्नो जिम्मेवारी र भूमिकामा रहेर काम गर्ने र हाम्रा गाउँघरमा हुने यस्तै खाले भेदभाव र महिला विरूद्ध हुने हिंसा अन्त्य गर्नको लागि पर्नुपर्नेछ । ताकि भविष्यमा हाम्रो घरपरिवारमा पनि यस्तै कथा नदोरियोस् । अनि हाम्रो आत्मसम्मानको लडाईं हामीले हाम्रो घरबाट जित्न सक्यौं भने पक्कै पनि सबैठाउँबाट जित्न सक्छौं । तपाई हामीले कसैलाई पनि अन्याय गर्नु हुँदैन् । हाम्रो घरमा भएको रूढीवादी परम्परा, मान्यता चलनचल्ती, संस्कार र धार्मिक मान्यतालाई परिवर्तन गर्नुपर्छ । आफ्नो घरमा महिला सुरक्षित पार्न सकियो, उनीहरूलाई आत्मसम्मानीत पूर्वक बाँच्न दिन सकियो भने बाहिर पनि महिला सुरक्षित हुन सक्छन् ।

समग्र महिलाको कुरा गर्दा पनि ८१ प्रतिशत जमिन महिला बाहेकको स्वामित्वमा छ । यसरी अरूको स्वामित्वमा जमिन भएपछि महिलालाई हिंसा हुदैन त ? अनि महिलाहरू कसरी सुरक्षित हुन्छन् ? जव उनीहरूसँग टेक्ने ठाउँको समेत स्वामित्व छैन् । के पुरूषको मात्र योगदान वा परिश्रमले गर्दा यति धेरै जमिनको मालिक पुरूष हुन पाएका हुन् त ? यसमा महिलाहरूको कुनै योगदान छैन त ? यस्ता कुरामा पनि हामीले सोंच्नु जरूरी छ । यदि महिला विरूद्ध यस्ता कारणले हिंसा भयो भने महिलाहरू अशंको लागि अदालतसम्म पनि जान सक्ने अवस्था छैन । उनीहरूलाई कमजोर पारिन्छ ।

त्यही भएर आर्थिक मेरूदण्ड अथवा आर्थिक क्षेत्रमा महिलाहरूले पहुँच बढाउन हामिले थाल्नुपऱ्यो । आफ्नो लागि आर्थिक जोहो अथवा आर्थिक सुरक्षा गर्न थाल्नुपऱ्यो । प्राकृतिक स्रोत आर्थिक उत्पादनसँग प्रत्यक्ष सम्बन्धित छन् । जस्तोः पानी, सामुदायिक वन (देशमा १६ हजार सामुदायिक वनको संख्या छ त्यसमा महिलाको कति उपभोगको अवस्था छ भनेर पनि हामी खोज्नु पर्छ) । आर्थिक सुरक्षा महिलाहरूको जीवन र सुरक्षासँग गाँसिएको छ । तपाई महिला अगुवाहरू पनि अव गाउँगाउँमा सहकारी खोल्ने, कृषि पेशामा लाग्ने, सहकारी आन्दोलनलाई फैलाउने, जवकी आउँदा दिनहरूमा २०/३० हजार रूपैंया हामीले लिनको लागि कसैसँग हात फैलाउन नपरोस् । आर्थिक सुरक्षा गर्न महिला आफैंले सुरू गर्नु थाल्नुपर्दछ ।

**४.१.२.२ महिला सहभागिता र शसक्तिकरण : ज्योती बैद्य, अनुगमन तथा मुल्याङ्कन अधिकृत, सामुदायिक आत्मनिर्भर सेवा केन्द**

महिलाको सक्रिय र समान सहभागिता बिना मुलूकको समग्र विकास सम्भव छैन । तैपनि गरीबी, अशिक्षा, रूढिवादी परम्पराजस्ता कारणले गर्दा महिलाहरू विकासका कार्यमा समान रूपले सहभागी हुन सकेका छैनन् । विद्यमान लैङ्गिक पक्षपाती संस्कारका कारण आर्थिक विकासको क्रममा पनि असर परिरहेको छ ।

**सामाजिक भूमिकामा लिङ्गभेद**

**१. महिलाको उत्पादनशील भूमिका**

महिला र पुरूष दुबैले उत्पादकीय भूमिका निर्वाह गरेका छन् । यद्यपी यस भूमिकामा पनि फरक पाईन्छ । महिलाले जीवनभर बाल बच्चा, श्रीमान् तथा परिवारका अन्य सदस्यहरूको हेरचाहमा श्रम लगाए पनि त्यसको लेखाजोखा हुदैंन । पारिवारीक खर्चका लागि महिलालाई बाहिरी आर्थिक उपार्जन हुने काम गर्नबाट वञ्चित गराईन्छ । तर पनि पछिल्ला समयमा यो सम्बन्धमा थोरै प्रगती देखिन थालेका छन् । बराबरी भूमिमा काम गरेपनि ज्याला तथा तलब सुविधामा पनि महिलालाई भेदभाव गरिन्छ ।

**२. प्रजनन् तथा हेरबिचार सम्बन्धी भूमिका**

महिलाले बच्चा जन्माउने, उनीहरूको स्याहार संहार गर्ने, हुर्काउने बढाउने लगायत घरायसी कार्यहरू गर्ने गर्छन् । यी बाहेक महिलालाई अन्य कार्यमा जिम्मेबारी दिनुहुँदैन् भन्ने मान्यता हाम्रा समाजमा अझै पनि रहेको छ ।

**३. सामुदायिक व्यवस्थाकीय भूमिका**

सामुदायिक स्तरमा गरिने साधनहरूको प्रयोग तथा सम्बर्धन गर्ने, सामाजिक, धार्मीक गतिविधीहरू पर्दछन् । यस अन्तर्गत नेतृत्व र राजनीतिक सहभागीता पनि पर्छ । महिलाको राजनीतिक सहभागीताले अझै पनि उच्च ठाउँ पाउन सकेको छैन । महिला भनेको घरभित्रको चुलौचौकामा मात्र सिमित हुनुपर्छ भन्ने पुरूषबादी मानसिकताले गर्दा पनि महिलाहरूको सामाजिक नेतृत्वदायी भूमिकामा वृद्धि हुन सकेको छैन् ।

जनसङ्ख्याको ५१.५ प्रतिशत महिला छन् । नेपालको ९० प्रतिशत महिला खेतीपातीको काम गर्छन् । कृषि उत्पादनमा ६० प्रतिशत योगदान मात्र देखाइएको छ । जति मात्रामा योगदान देखाइएको छ त्ययसको तुलनामा महिलाको भूमिमाथिको स्वामित्व न्यून छ । राज्यले १९ प्रतिशत महिलाको भूस्वामित्व देखाएपनि त्यो शहरी र हुनेखाने वर्गको मात्र हो, जो कृषि कर्ममा लागेका छन् तिनीहरूसँग भूमिको स्वामित्व छैन् ।

समाजको शक्ति संरचनामा फेरबदल ल्याउन पनि जमिनमा महिलाको स्वामित्व अनिवार्य छ । महिलाहरूले सार्वजनिक क्षेत्रको पद र जिम्मेवारी तव लिन सक्छन् जव व्यवहारीक रूपमा श्रमको बाँडफाँड र उत्पादनका साधनमा बराबरी हक पाउँछन् ।

**सहभागीता**

सक्रिय र अधिकारयुक्त सहभागीता, केवल उपस्थित मात्र गराएर र विधी पुऱ्याउने खाले भएर हुदैन । महिलाको हरेक क्षेत्रमा अर्थपुर्ण सहभागीता चाहिन्छ । लैङ्गिक भेदभावको अवस्था परिवर्तन गरेर महिला र पुरूष दुबैलाई

बराबर सामाजिक मर्यादा र अबसर नदिएसम्म समाज विकास सम्भव छैन । महिलाहरूको सामाजिक सहभागीता वृद्धि गर्नका लागि स्थानीय स्तरका सामाजिक क्षेत्रहरूमा महिलाहरूको पहुँच बढ्नु आवश्यक छ । स्थानीय स्तरमा महिलाहरूको सामाजिक सहभागीतामा वृद्धि भए मात्र उनीहरूको व्यक्तिगत पहिचान कायम हुन सक्छ ।

समाजमा महिलाले व्यक्तिगत पहिचान कायम गर्न सके भने मात्र उनीहरूको राजनीतिक सहभागीता बृद्धि हुन सक्छ । बढी भन्दा बढी महिलाहरूले राजनीतिक अधिकारको प्रयोग गरेको अवस्थामा मात्र नीति निर्माणको तहमा उपस्थिती सम्भव हून्छ । महिलाहरूको आत्मविश्वासको विकास र मर्यादास्तर माथि ल्याउन आर्थिक शक्ति मुख्य रहीआएको छ । जबसम्म महिलाहरू समूहमा आउँदैनन् तबसम्म आर्थिक र सामाजिक क्रियाकलापमा भाग लिन सहज हुनेछैन । आर्थिक कारोबारको विषयलाइ प्रवेशविन्दु बनाएर कार्यक्रम सञ्चालन गर्दा महिलाका विभिन्न मुद्दाहरू उठाउन सकिन्छ । यसरी आर्थिक कारोबारमा महिला सहभागीताले एकातिर सामाजिक कुसंस्कार बदल्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ भने अर्कातिर महिलाहरू समाजमा सम्मानित भएका हुछन् ।

## महिला शसक्तिकरण किन र कसरी

महिला विकासको सम्बन्धमा शसक्तिकरण शब्द अत्याधीक प्रयोग गरीएको छ । महिलाहरू उपेक्षीत अवस्थामा रहेकाले उनीहरूलाइ शक्ति सम्पन्न बनाउनुपर्छ भन्ने धारणासँगै यो शब्दको प्रयोग गरीएको हो । प्रयोगमा महिला शसक्तिकरण शब्द बढी रूचाईए पनि धेरै वर्षदेखि महिलाहरू शक्तिविहीनताको अवस्थामा रहीरहेका छन् । महिला भएकै कारण सामाजिक, आर्थिक र राजनीतिक क्रियाकलापमा पछि परेकालाई अगाडी ल्याउने प्रकुया हो शसक्तिकरण ।

अधिकारबाट वञ्चितहरूलाई सशक्त बनाउने र उनीहरूले आफनो जीवनमा गुणात्मक रूपमा सकरात्मक परिवर्तन ल्याउने र आफनो भविष्य आफै निर्धारण गर्ने, क्षमतावान बनाउने कुरामा शसक्तिकरण केन्द्रीत छ । तर किन महिलाहरू मात्र सचेत र सशक्त हुनुपऱ्यो ? पुरूषहरू पनि सबै सचेत र सशक्त छैनन् ? महिला शक्ति सम्पन्न हुनु भनेको उनीहरूमा आत्मविश्वास, केही गरौं भन्ने अठोट र स्रोतमा नियन्त्रण गर्न सक्ने क्षमता हुन हो । महिलाहरूले आफ्नो निर्णय आफैं बुझेर गर्न सक्नु शसक्तीकरण हुनु हो ।

नेपाली समाजमा महिला र पुरूषबीच असमानता, अन्याय र भेदभावको खाडल निकै गहिरो छ । यसो हुनुको प्रमुख कारण अधिकांश सम्पत्तिको मालिक पुरूषमात्र हुनु हो । यही कारण महिलाको सामाजिक हैसियत कमजोर बनेको छ । नेपालका बहुसंख्यक समुदायको मानवीय मर्यादा, जीवन रक्षा र जीवन निर्वाहको मुल आधार जमिनमाथिको अधिकार हो । महिलाहरू पनि कति अवसरबाट वञ्चित भएका छन् र पुरूष निर्भर बनेका छन् । शसक्तिकरण प्रक्रियाले गर्दा विपन्न वर्गका महिलाहरूको सामाजिक संरचनामा रहेको शोषणको बारेमा प्रश्न उठाउन सक्छन् । महिला विरूद्ध हुने हिंसा र शोषणका विभिन्न कारणहरूको खोजी गरी त्यसको निराकरणको लागि अग्रसर हुन सक्छन् । महिला शसक्तिकरणको प्रकृयाले पुरूषहरूलाई पनि शसक्त र सचेत हुन मद्दत गर्दछ । महिलाहरूले परम्परागत (म आफूँ, कमजोर छु, मेरो जिम्मेवारी घरभिरको मात्र हो, महिला भएपछि बालबच्चा जन्माउने र हुर्काउने मात्र हो भन्ने जस्ता) सोचमा परिवर्तन ल्याउँदा पुरूषहरू पनि परिवर्तन हुन्छन् । यसरी शसक्तिकरण प्रक्रियाले महिला र पुरूष दुबैलाई जिम्मेवारीप्रति प्रतिबद्ध बनाउँदछ ।

साक्षरता कक्षाहरू, बचत ऋण कार्यक्रमहरू, खानेपानी आयोजना, विद्यालयको स्थापना र चेतनामुलक तालिमहरूको माध्यमबाट शसक्तिकरण प्रक्रियामा टेवा पुग्छ । जब महिलाहरू आर्थिक र सामाजिक

क्रियाकलापमा भाग लिन्छन् तब परिवार र समाजमा उनीहरूको मर्यादास्तर बढ्छ । त्यसपछि घरको काममा पनि पुरूषले सहयोग गर्न थाल्छन् । महिलाको स्रोतमा पहुँच र नियन्त्रण हुन थालेपछि पारिवारीक निर्णयमा सामेल हुन्छन् ।

सामाजिक रूपमा दीगो शान्ति स्थापनाका लागि अब महिलाको लागि भूमि अधिकार अनिवार्य र अपरिहार्य बनेको छ । चाहे नीति निर्माता हुन, सरकारी वा विकासे संघ संस्था नै किन नहुन सबै आफु महिला गरीब दलितको सशक्तिकरणको पक्षमा रहेको दावा गर्छन् तर महिलाको भूमि अधिकार हुनुपर्ने कुराको सन्दर्भ कहिल्यै ल्याउँदैनन् । जबकी ग्रामीण महिलाको आर्थिक शसक्तिकरणको आधार नै भूमि हो । महिलामा रहेको आत्मविश्वास वृद्धि गरी क्षमता बढाई समग्र महिला शसक्तिकरणको  निम्ति समेत भूमि अधिकार पहिलो सर्त रहेको छ ।

### ४.१.२.३ एकल महिलाको सर्घष र सफलता  राजीन रायमाझी, डब्लुएचआरकी कानून अधिकृत

### मानव अधिकारको लागि महिला, एकल महिला समूह

नेपाली समाजमा महिलाको अवस्था कमजोर छ  । नेपाली समाज पितृसत्तात्मक छ, जहाँ देवीहरूलाई शक्तिको प्रतिक मानिन्छ । तर यहाँ समाजले महिलालाई तल्लो दर्जामा राखेको छ । समाजमा एकल महिलालाई सामाजिक, आर्थिक बन्धन गर्ने, मनोसामाजिक असरहरू पार्ने जस्ता कार्यहरू गरिन्छ । उनीहरूलाई श्रीमान्को मृत्यु पश्चात विभिन्न रूपमा निजको जीवनशैलीमा प्रभाव पार्न खोजिन्छ । सेतो कपडा लगाउनमा जोड दिईन्छ । नुन हालेको खाना खानबाट बन्देज लगाइन्छ । जीवनभर यो गर यो नगर भन्ने बचन सुनाईन्छ । नारी श्रृंगारमा नारीकै अधिकार नहुने अवस्था छ । एकल महिलालाई अल्लच्छिना भनेर धार्मिक कार्यमा संलग्न हुन रोक लगाइन्छ । एकल महिला आफ्नै घरमा एक अदृश्य व्यक्तिको रूपमा बसिरहेका हुन्छन् । एक दयायोग्य पात्रको दर्जामा लिएका हुन्छन् र आफ्नै परिवारका सदस्यले पनि उनीहरूलाई शोषण गर्न पछि परेका हुदैनन् ।

पतिको मृत्युपछि घरपरिवारका सबै जिम्मेवारी एकल महिलाले उठाउनुपर्छ । अधिकांश एकल महिला निम्नस्तरको काम गर्न बाध्य छन् । केही काम पाएका एकल महिला कार्यस्थलमा पनि शोषण भोग्न बाध्य छन् । जति धेरै ज्याला मजदुरी गरेपनि दुईछाक टार्न गाऱ्हो भएको छ । शारिरीक शोषणका साथसाथै समाज र परिवारले दिएको मानसिक यातना भोग्न बाध्य छन् । ‘पोई टोकुवा अलच्छिना आदि उपनाम’ दिइन्छ जसले गर्दा उनीहरूले आत्मविश्वास गुमाउँछन् । उनीहरूसंग बोल्ने तरिका र हेर्ने नजरले गर्दा उनीहरू मानसिक यातना भोग्न बाध्य भएका छन् ।

मानव अधिकारको लागि एकल महिला समूहको उदय यी बन्धन तथा एकल महिलालाई गरीने भेदभाव अन्त्य गर्नको लागि, एकल महिलाको अधिकार संरक्षण गर्न र उनीहरूको अर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक शसक्तिकरणका निम्ति २०५२ सालमा स्थापना भएको हो । एकल महिला समूहले नेपालको विभेदकारी कानूनहरू परिवर्तन गरी महिलाको लागि न्याय दिलाउन पनि सफल भएको छ । एकल महिला समूहको पहलमा भएको कानून परिवर्तनहरू यस प्रकार छन् :

- एकल महिलाले पुर्नविवाह गरे पश्चात मृत्यु भएको पूर्व श्रीमान्को सम्पत्ति फिर्ता गर्नु नपर्ने ।
- एकल महिलाले मृत्यु भएको श्रीमान्को सम्पत्ति प्राप्त गर्न ३५ वर्षको उमेर सम्म कुर्न नपर्ने ।
- एकल महिलाले राहदानी बनाउनको लागि घरको पुरूष सदस्यको स्वीकृति लिनु नपर्ने ।

- एकल महिलाले आफ्नो भागको सम्पत्ति बेचविखन गर्न वा कसैलाई दिन चाहेमा १६ वर्ष उमेर पुरा गरेका छोराछोरीहरूको स्वीकृती लिनु नपर्ने ।
- एकल महिलाले सम्पत्तिमा हकदावी गर्नको लागि सत्मा बस्नु पर्ने जस्ता प्रावधानहरू समेत खारेज गर्न सफल भएको छ ।
- एकल महिला विवाह गर्ने जोडीलाई रू ५० हजार दिने सरकारी नीतिका विरूद्धमा सर्वोच्च अदालतमा मुद्दा दायर गरी अन्तरीम आदेश प्राप्त गरी सो नीतिलाई कार्यान्वयनमा नल्याउने व्यवस्था समेत गराउन सफल भएको छ ।
- ६० वर्ष माथिका एकल महिलाले मात्र विधवा भत्ता प्राप्त गर्ने नीतिमा समेत मुद्दा दायर गरी समानताको हक कायम गराउदै उमेरको हदबन्दी समेत खारेज गराउन सफल भएको छ ।
- नेपालको दशौं, एघारौं पञ्चबर्षीय तथा अन्तरीम योजनामा एकल महिलाको सवाल समावेश गराउन सफल भएको छ ।
- नेपाल सरकारको राष्ट्रिय जनगणना २०६८ को कार्यक्रममा एकल महिलाको तथ्याङ्क लिन समेत सफल भएको छ । लगत नं. ३ मा प्रश्न समावेश गराई एकल महिलाको संख्या विवरणको प्रश्नावली समावेश गराउन सफल भएको छ ।
- महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको समन्वयमा एकल महिला सुरक्षा सेवा कोष ( सञ्चालन) नियमावली तयार भई सो लाई कायान्वयनमा ल्याउनको लागि पहल गर्दै आएको छ ।
- अन्तर्राष्ट्रिय एकल महिला सम्मेलनबाट काठमाण्डौ घोषणा-पत्र पारित गर्न सफल भएको छ ।
- बाल विधवा (बैकल्या) प्रथा उपर समेत मुद्दा दायर गरी सो उपर निर्देशनात्मक आदेश जारी भएको छ ।

बेलुकी ७ बजेदखी ८ बजेसम्म भूमिअधिकार मञ्चको आन्दोलनको सेरोफेरोमा तयार पारीएको भिडियो डकुमेन्ट्री देखाइएको थियो । बेलुकी आयोजक र नौ क्षेत्रका ९ जना टोली संयोजकहरू बसि समीक्षा गरियो । समीक्षामा उठेका र सच्याउनुपर्ने विषयवस्तुलाई दोस्रो दिनदेखि जिम्मेवारी बाडँफाड गरी व्यवस्थित गर्ने छलफल भयो ।

## ४.२ दोस्रो दिन :

सुरूवात बिहान ८ बजेदेखि गरियो । सुरूवात क्रममा भूमि सम्बन्धि चेतनामूलक गीतबाट गराइयो । त्यसपछि प्रशिक्षण सत्रशुरू गरियो ।

### ४.२.१ अधिकार र आन्दोलन, मुकुन्द कट्टेल, मानव अधिकार सल्लाहाकार, डानिडा ह्युगो

भूमि अधिकार आन्दोलन, स्वतन्त्र, समान, सम्मानित र सिर्जनशील हुनपर्छ । महिला अधिकार आन्दोलनका सन्दर्भमा मिल्ने एलिनोर रूज्वेल्टको भनाई छ, “महिला चिया पत्तीको झोला जस्तै हो । तातो पानीमा नराखेसम्म यसको रङ्ग कति कडा हुन्छ बुझ्नै सकिन्न ।” हो महिलाहरूमा धेरै शक्ती हुन्छ जुन कुरा व्यक्त नगरिकन थाहा पाउन्न सकिन्न । महिलाहरूले अहिले थालेको आन्दोलन उनीहरूको आफ्नो आत्मसम्मानको लागि हो । राज्यको हरेक निकायमा अधिकार र अवसर स्थापीत गर्नका लागी हो । महिलाहरू धेरै समयदेखि हिंसा सहेर पीडित बनि बस्नु परेको अवस्था छ । हाम्रो समाजको गोलचक्कलरले महिलालाई धेरै थिचोमिचोमा राखेको थियो जून अव विष्फोट हुन थालेको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको धारा-१ ले भनेको छ,"सबै व्यक्तिहरू 'अधिकार' र 'सम्मान' सहित स्वतन्त्र र समान जन्मन्छन् । सबैसंग जन्मजात 'तर्क-शक्ति' र 'विवेक' हुन्छ । सबैसँग एक-आपसमा भातृत्वको भावना गर्छ ।" त्यसैले हामीले महिला पुरूष, साना जाता ठुला जात र वर्गहरूमा भेदभाव गर्नुहुदैन् भनेर सबैतिर बुझाउनुपर्छ ।

सम्मेलनमा आउनुभएका सबै दिदिबहिनीहरू अगुवा महिलाहरू हुनुहुन्छ, तपाईहरू समाजका परिवर्तक पनि हो यस्ता कुरामा हामीले हाम्रो घरपरिवार र समाजमा बुझाउनु पर्छ । मानव अधिकारले विभेदको अन्त्य, जीवन, स्वतन्त्रता र सुरक्षा, दास जीवनको अन्त्य, हिंसा र यातानाको अन्त्य, कानूनी पहिचान, कानूनी समानता र प्रभावकारी कानूनी उपचार, स्वेच्छाचारी गिराफ्तारीको अन्त, विवाह र परिवारको स्थापना, सम्पत्तिमा समान अधिकार, राज्यका अंगहरूमा सहभागिताको अधिकारको ग्यारेण्टी गरेको अवस्था छ । तर के यी हामी सबैले पाएका छौँ त ? यस्ता कुरामा हामीले विचार विवेचना गर्नु आवश्यक छ । हामीलाई अधिकार चाहिएको छ । महिलाहरूले धेरै काम गर्नु, दुःख गर्नु परेको बाध्यताहरू यहाँहरूले सुनाउनुभयो तर मानव अधिकार कानूनले आराम र फुर्सदको अधिकार पनि दिएको छ । आफ्नो जीवन जीउने अधिकार स्वःस्फूर्त हुनुपर्छ भनी किटानी गरेको छ, तर हामीले त्यो अवस्था पाएको अवस्था छैन्, यदि भैदिएको भएत किन दिनहुँ महिला अधिकारको घटनाहरू किन घट्थे ?

**किन महिलाको लागि छुट्टै अधिकार चाहियो ?**

किनकी महिलामाथि हने हिंसामा कमी आएको छैन् । महिलाले आफुले चाहेको निर्णय गर्न पाउने अवस्था छैन्, । पारिवारीक खुशी, सामाजिक समानता, गाउँ समाज र राष्ट्रको पूर्ण विकासको लागि, भूमिमा महिलाको अधिकार स्थापना गर्न, मानवीय र न्यायपूर्ण घर, समाज, देश र विश्व निर्माण गर्नको लागि महिला अधिकार चाहिएको हो ।

**कसरी महिला अधिकार स्थापीत र संरक्षित हुन्छ ?**

महिला अधिकार स्थापीत हुनको लागि सबै प्रकारका हिंसाको अन्त्यका लागि आवश्यक नीति र कानून बनाउने, देशमा महिला मैत्री संविधान निर्माण गर्ने, हिंसा गर्नेलाई कडा दण्ड दिने व्यवस्था, महिलामाथि हिंसाका घटनामा राज्य सामेल नहुने, महिलालाई पैतृक सम्पत्तिमा समान हक दिने व्यवस्था गर्ने, शिक्षा, रोजगारीमा समान अवसर दिएर महिला अधिकार संरक्षित गर्न सकिन्छ ।

**हाम्रो घर, समाज, देश अधिकार मैत्री छ त ?**

यस विषयमा हामी सबैले एकछिन आखाँ बन्द गरेर सोचौं त ... अधिकार मैत्री छैन् । त्यसैले अव के गर्ने त ? अधिकार पाउँनको लागि के गर्ने ? कसरी हामीले महिलाको भूमि अधिकार पाउन सक्छौं र हामी जस्तै अरूलाई पनि अधिकार दिलाउन सक्छौं ? भन्ने विषयमा चिन्तन गर्नुपर्छ । यसको लागि आन्दोलन पनि एक विकल्प हो ।

**आन्दोलन के हो ?**

आन्दोलन भनेको समस्या समाधानको विवेकशील बाटो हो । आन्दोलनलाई विवेकशिल बाटो मानिने हुँदा यसबाट के हुन्छ भने, दि आन्दोलन सशक्त रूपमा भएको छ भने आत्मसम्मान, समानता र न्यायको लागि

लक्षित हुन्छ । यसमा अधिकारविहीन सबैको सहभागिता हुन्छ । सबै उस्तै प्रकृतिका अधिकार विहीन हुने हुँदा सबै जिम्मेवार पनि हुन्छन् । यसमा अधिकारको कुरा हुने हुँदा कुनै निश्चित विचार, जात धर्ममा आधारीत हुँदैन् । आन्दोलन जहिले पनि कानूनको परिधीभित्र लक्षित हुन्छ र हुनुपर्छ । यसमा अधिकारवालाहरू बलियो बन्दै जान्छन र नेता (शासक बर्ग) दुब्वलाउँदै जान्छ । शान्तिपूर्ण आन्दोलनको आधार बलियो हुन्छ । नेपालको अहिले हामीले गतिलो उदाहरण लिनुपर्दा तपाईहरूले सञ्चालन गरीरहनुभएको भूमिअधिकारको आन्दोलन शान्तिपूर्ण छ ।

विवेकशील आन्दोलन कमिला दर्शनमा आधारीत हुन्छ । कमिलाहरू कहिल्यै पनि नरोकीकन बाधा झेल्दै अघि बढ्ने गर्छन् । कमिलाहरू कस्ता हुन्छन् भने, गर्मिको समयमा जाडोको लागि खाना तयार गरिसक्छन भने जाडोको समयमा गर्मिको लागि आवश्यक सामाग्री तयार गर्छन् । उनीहरूमा अबिचलित रहने मान्यता हुन्छ । उनीहरू अति आशावादी पनि हुन्छन् त्यसैले हाम्रो अधिकारको आन्दोलनको लागि पनि यस्तै कुरामा सोंच्नु पर्छ की ?

आन्दोलन भन्ने कुरा आखाँ नदेख्ने भिन्न क्षमता भएकाहरूले हात्तिलाई भिन्न रूपमा देखेको जस्तो हुनुहुदैन । ६ जना आखाँ नदेख्नेहरूले हात्ति हेर्ने अर्थात उनीहरूमा हात्तिको बारेमा बुझ्ने इच्छा भएपछि हात्ति भएको ठाउँमा गएछन्, पहिलो व्यक्तिले हात्तिको दातँ मात्र समाउन पुगेछ र भनेछ हात्ति भनेको केही होइन् रेछ, यो भाला जस्तो पो रहेछ भनेछ, दोस्रोले हात्तिको कान भेटेछ अनि भनेछ, हात्ति भनेको त पंखा पो रहेछ  भनेछ, तेस्रोले हात्तिको पुच्छर समाउन भ्याएछ र भनेछ हात्ति भनेको त डोरी जस्तो पो रहेछ भनेछ, अनि चौथोले हात्तिको सुड समाउन पुगेछ र भनेछ हात्ति भनेको सर्प जस्तो पो रहेछ भनेछ, अनि पाचौं व्यक्तिले हात्तिको खुट्टा समाउन पुगेछ र भन्यो हात्ति भनेको केही होइन् रूख हो भनेर भनेछ र छैटौं व्यक्तिले चाही हात्तिको जीउ समाउन पुगेछ हात्ति भनेको केही होइन् यो त पर्खाल जस्तो पो रहेछ भनेछ ।

हो हामीले गर्ने भूमि अधिकारको आन्दोलन पनि यस्तै हुनुहुदैन । के गर्ने, के हाम्रो माग हो, हामीले चाहेको कुरा के हो ? कसरी त्यो कुरा पाउन सकिन्छ भन्ने कुरा हामीले देख्न र पहिचान गर्न सक्नुपर्दछ । अनि मात्रै हामी लक्ष्यमा पुग्न सक्छौं, हाम्रो अधिकार पुरा हुन सक्छ । आन्दोलनको सन्दर्भमा मेक्सिकोका झापाटिष्टाको एउटा भनाई रहेको छ “सधैभरी मरिरहेका हामी, फेरी एक पटक मर्न तयार छौं, तर यो पटक हामी बाँच्नको लागि मर्न गइरहेका छौं ।”  यस भनाईले पनि अधिकार प्राप्तीको लडाईको लागि हामीलाई धेरै कुरा सिकाउँछ ।

### ४.२.२ भूमिमा महिला अधिकार र संयुक्त लालपूर्जा : कल्पना कार्की, क्षेत्रिय कार्यक्रम अधिकृत, सामुदायिक आत्मनिर्भर, सेवा केन्द्र

**भूमिमा महिला अधिकार किन ?**

यदि महिलाले जमिनमा काम नगर्ने हो भने हामी सबै भोको हुन्छौं । पुरूषको तुलनामा महिलालै नै भूमिमा उत्पादन गर्ने, भूमिको संरक्षण र स्याहार गर्ने कार्य बढि गरिरहेका छन् । उत्पादनको काम जसले गर्दछ, प्राकृतिक श्रोत र साधनको मालिक हुने अधिकार उसैलाई हुन्छ । भूमिमा महिला अधिकार किन पनि चाहीयो भने महिलाको आत्मसम्मान र पहिचान बढाउनको लागि पनि हो । जव महिलासँग भूमि हुन्छ, भूमिको स्वामित्व महिलाको नै नाममा हुन्छ, महिलाहरू सुरक्षित पनि हुन्छन् र परिवार, समाजमा उनीहरूको सम्मान पनि हुन्छ ।

महिला दैनिक १६ घण्टा काममा खट्छन्, तर उनीहरूको कामको मुल्याङ्कन हुँदैन् । महिलाले बच्चा जन्माउने, परिवारको पालन पोषण गर्ने गर्छन् । रीतिरीवाज, सँस्कृति, चाड पर्वमा सबैभन्दा बढि खट्छन् । जमिन बाँझो

नराख्न परिश्रम गर्छन् । वीउ वीजन र अन्नपातको सुरक्षित भण्डारण गर्छन् । कुन सिजनमा कुन बाली लगाउने हेक्का राख्छन् । पशुपालन गर्छन् र हेरचाह गर्छन् । गोठ, घर आँगन सफा गर्छन् । मेलापात, अर्मपर्ममा खट्छन् । जति काम गरेपनि कम खान्छन र पुरूष भन्दा पछि खान्छन् । पछि सुत्छन् तर चाँडो उठ्छन । महिलाहरू पुरूषको डर र त्रासमा बाँचिरहेका हुन्छन् । महिलालाई निर्णय गर्ने अधिकारबाट वञ्चित पारिएको छ । आफैंले उत्पादन गरेका वस्तुहरू तरकारी, फलफुल, दुध, मासु, घिउ आफुखुसी बेच्न र खर्च गर्ने अधिकारबाट उनीहरू वञ्चित हुन्छन् । यस्तो विडम्वनामय छ हाम्रो नेपाली समाज । त्यसकारण पनि महिलाको सुरक्षा, आत्मसम्मान, भरिपेट खान, र आफ्नो जीविका स्वन्तत्रपूर्वक चलानको लागी महिलालाई भूमि चाहिएको हो ।

महिलाका पक्षमा केही सकारात्मक प्रयास पनि भएका छन् । जस्तो : सरकारले एक सय रूपैंयामा पतिको नाममा भएको घरजग्गामा पत्नी समेत दुवैको नाममा हुने गरी सँयुक्त पूर्जा बनाउने नीति ल्याएको छ । एकल स्वामित्वको लागि महिलाको नाममा घरजग्गा पास गर्दा राज्यले शहरी क्षेत्रमा २५, पहाडी क्षेत्रमा ३० र हिमाली क्षेत्रमा ४० प्रतिशत राजस्व छुट दिने व्यवस्था गरेको छ ।

हाम्रा गाउँ समाजमा महिलाको लागि भूमिको कुरा गर्दा, भूमिअधिकारको माग गर्दा केही भ्रमहरू पनि छरिने गरेका छन् । जस्तो : महिला पोईला (दोस्रो विवाह) गए भने के गर्ने ? जग्गा लिएर हिँड्न मिल्दैन, बिहेपछि के गर्ने ? जग्गा टुक्रिन्छ । शिक्षा दिए पुग्छ । बावुआमा कसले पाल्ने ? संस्कृति विग्रन्छ, अधिकार त माथिबाट पाउने हो...हामीले कसरी लिने भन्ने जस्ता भाम्रक कुराहरू पनि उठ्छन र प्रचार पनि हुने गरेको छन् । जस्ले गर्दा महिलाको मनोवल गिर्ने र गिराउने भएको अवस्था छ ।

तर कुरा त्यस्तो होइन्, हामीले के कुरामा बुझ्नु आवश्यक छ भने यदि भूमिमा महिला अधिकार स्थापीत भएमा व्यक्तिको मात्र हैन, परिवारकै उन्नती हुन्छ, । परिवारको खानाको सुरक्षा बढ्छ, पारिवारिक रूपमा आर्थिक फाईदा हुन्छ, आम्दानीको स्रोतमा बृद्धि हुन्छ, समाजको वर्तमान अवस्थामा परिवर्तन आउँछ, बालबालिका, गर्भवती महिलाले पोषणयुक्त खानेकुरा खान पाउँछन, ऋण, धितो, जमानीमा महिलाको हक बढ्छ, व्यसायीक उत्पादनमा वृद्धि हुन्छ, महिला विरूद्ध हुने हिंसामा कमि आउँछ, गरीबी घट्छ, उत्पादन बढछ, पारिवारीक सम्बन्ध सुमुधुर र रमाईलो हुन्छ ।

## संयुक्त पूर्जा अभियान

भूमिमा महिलाको हक सृजना गर्ने आधारहरू थुप्रै छन् । प्राकृतिक श्रोत र साधनको मालिक हुने अधिकार उसलाई हुन्छ, जसले यसको संरक्षण, स्याहार र उत्पादनको काम गर्दछ । सन् १९९१ मा सरकारले महिलाविरूद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धीमा हस्ताक्षर गरी महिला र पुरूषवीच कुनै पनि क्षेत्रमा भेदभाव नगर्ने स्पष्ट प्रतिवद्दता जनाईसकेको अवस्थामा भूमिमा महिलाको स्वामित्व स्थापीत गर्नु राज्यको दायीत्व हुन आउँछ । बेइजिङ सम्मेलनले पनि यदि महिला आर्थिक रूपले सवल हुने हो भने उनी जमिनको मालिक हुनै पर्छ, परिवार समाज र देशमा स्वाभिमानी देखिने अरू उपाय छैन भन्ने कुरा स्पष्ट गरेको छ ।

सबैले बुझ्नुपर्ने कुरा के हो भने कोही पनि व्यक्तिको सम्पत्तिमा अधिकार नभई उसको आधारभूत अधिकार सुरक्षित रहन सक्दैन । मुलुकी ऐन एघारौं संशोधनले छोरीलाई पनि छोरासरह पैतृक सम्पत्तिमा समान अधिकार व्यवस्था गरेको छ । यसलाई पूर्णत: व्यवहारमा लागू गर्न बाँकी छ । यसो हुन सकेमात्र छोरा र छोरी समान सन्तान, ईश्वरको बरदान भन्ने भनाईले सार्थकता पाउनेछ ।

भूमिमा महिला अधिकारको माग राखेर दर्जनौ पैदल यात्रा, धर्ना, सभा, ऱ्याली, अन्तर्क्रिया र डेलिगेशन भए । भूमिमा महिला अधिकारका लागि २०६६ सालको अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ११ दिनको यात्रा गरीएको थियो । दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भीमदत्तनगरबाट शुरू गरीएको यात्रा कैलालीको टिकापुरमा गएर भूमिमा अधिकारै लिएरै छोड्ने प्रणका साथ समापन भएको थियो । ११ दिन हिंडेको खुट्टाको ठेलाहरू नबस्दै र थकाई नमिटिंदै २०६७ सालको अर्न्तराष्ट्रिय श्रमिक महिला दिवसका सन्दर्भ पारेर एक हजार किसान महिला काठमाण्डौ आउनको लागी गाउँ गाउँमा माना मुठ्ठी संकलन भयो । समयमा संविधान जारी गर्नुपर्ने र नयाँ संविधानमा जमिनमा आफैं श्रम गर्ने जोताहा महिला र पुरूष किसानको पक्षमा भूमिसुधार गर्ने स्पष्ट संवैधानिक प्रावधान हुनुपर्ने माग लिएर ५० जिल्लाका १ हजार महिलाहरू काठमाण्डौंको खुल्ला मञ्च आईपुगेका थिए ।

२०६७ को चैत्र १ देखि ८ गतेसम्म महिलाहरू मुख्य राजनीतिक दल एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले, तराई मधेस लोकतान्त्रिक पार्टी, मधेसी जनअधिकार फोरम लगायतको कार्यालयको ढोका ढोकामा पुगेर मागहरू राखेका थिए । संविधान सभा भवन बानेश्वर अगाडि धर्ना दिएर तोकिएकै समयमा संविधान जारी गर्न र भूमिमा महिला अधिकारको सूनिश्चितता गर्न खवरदारी गरेका थिए । हाल सिन्धुपाल्चोक, रसुवा, ललितपुर, महोत्तरी, बैतडी, डडेलधुरा जिल्लामा सयमा संयुक्त पूर्जा अभियान सुरू भएको छ । संयुक्त पूर्जा बनाउने नीति ल्याउन जति संघर्ष गर्नुपरेको थियो, त्यो भन्दा बढि संघर्ष यो नीतिलाई व्यवहारमा कार्यान्वयन गराउनको लागि गर्नुपर्ने कुरा भोगाईले देखाएको छ । हामीले भूमि अधिकार त्यो वर्गको लागि खोजेको हो जसले जीवन धान्न माटोमा श्रम गरीरहेका छन् र माटोमा नै रमाईरहेका छन् । महिलाको भूमिअधिकार पनि त्यही वर्गलाई लक्षित गरीएको हो । तर त्यो लक्षसम्म पुग्न हामी आँफैबाट शुरू गर्नुपर्दछ । आफुबाट सुरू गरेपछि मात्रै अन्य वर्ग र समुदायमा पुऱ्याउन सजिलो हुन्छ ।

यो कुरालाई जिल्लादेखि गाउँ तहसम्म पुऱ्याउनु पर्दछ । यस अभियानमा हामी सबैले आ-आफ्नो तहबाट जे गर्न सकिन्छ, गरिहाल्नु पर्दछ । यसलाई हामी भित्रमात्र सीमित नगरेर हामी भन्दा बाहिरी घेरासम्म पुऱ्याउनको लागि प्रयास गर्नुपर्दछ ।

संयुक्त पूर्जा बनाउने परिवारलाई संघसंस्था र सरकारी निकायहरूले सार्वजनिक सभा, समारोहमा सम्मानित गरेर अरूलाई पनि प्रेरित गर्न जरूरी छ ताकि बनाउने परिवार उत्साहित होस् र अरू परिवारले पनि केही सिकोस् । बैंकले धितो राखेर ऋण लिँदा संयुक्त पूर्जालाई पहिलो प्राथामिकता दिन सक्छ ।

भूमिअधिकार आन्दोलनको प्रभावले जग्गा प्राप्त भएको ठाउँबाट संयुक्त पूर्जा बनाउने काम शुरू गर्दा बढि प्रभावकारी हुन्छ । हिजो गुठी र मोहियानी जोतेको जग्गा किसानले पाउनको लागि आन्दोलन गरीयो । त्यतिबेलाको नीति अनुसार पुरूषको नाममा मात्र जग्गाको लालपूर्जा बन्यो । अहिले सरकारले ल्याएको नीति अनुरूप संयुक्त पूर्जा बनाएर महिलाहरूलाई पनि जग्गाको अधिकार दिलाउने कुरालाई पहिलो प्रथाकिता दिनु पर्दछ ।

गाउँका  महिलाहरू जो अहोरात्र भूमिमा खट्छन् उनीहरूलाई अधिकार सम्पन्न बनाउन संयुक्त पूर्जा एउटा सशक्त माध्यम हो । लालपूर्जा हेर्दा कागज हो तर यसमा शक्ति लुकेको हुन्छ । जसले महिलाहरूलाई भित्रैबाट शसक्त बनाउन सहयोग पुऱ्याउँछ । यसले महिलाहरूलाई परिवार र समाजमा म पनि केही हुँ भन्ने भावना दिन्छ । मान, सम्मान र हैसियत कायम गराउँछ । राष्ट्रको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलिरहेका गुमनाम किसान महिलाहरूलाई पहिचान दिलाउँछ । जवसम्म महिलाहरूमा भित्रैदेखि शक्ति आउँदैन तवसम्म उनीहरू कमजोर रहन्छन् । घरभित्र र समाजमा हुने महत्वपूर्ण निर्णय लिन सक्दैनन् । सार्वजनिक पद र भूमिका निर्वाह

गर्न सक्दैनन् । महिलालाई हरेक हिसावले सवल, सक्षम र सशक्त बनाउनको लागि संयुक्त लालपूर्जा अभियानको महत्वपूर्ण भूमिका हुन्छ ।

### ४.२.३ भूमि अधिकार आन्दोलनमा महिला, जगत देउजा, कार्यक्रम व्यवस्थापक, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

**यो सम्मेलन किन ?**

कहिले बैठक । कहिले भेला । कहिले तालिम । हामी किन गर्छौं ? आजको जस्तो सम्मेलन किन गर्छौं ? यस्तो सम्मेलनले हामीलाई विचार गर्न फुर्सद दिन्छ र अधिकार खोज्नका लागि तार्कीक रूपमा प्रस्तुत हुन सघाउँछ ।

**भूमिमा महिला किसानको पहुँच र नियन्त्रण किन ?**

| बढाउन | अन्त्य गर्न |
|---|---|
| समुन्नती, सम्पन्नता | गरीबी |
| खाद्यसुरक्षा | भोक |
| शक्ति | शोषण र दमन |
| न्याय | अन्याय |
| सम्मान | हिंसा |
| पहिचान | विभेद |

**के छ स्थिती ?**

महिला : ५१.५ प्रतिशत
पुरूष : ४८.५ प्रतिशत
महिला साक्षरता दर अघिल्लो जनगणनाभन्दा १५ प्रतिशतले बढ्यो
एक दशकअघि एघार महिलामध्ये एक जनाको नाममा मात्र घर र जग्गा थियो भने अहिले हरेक ५ जनामा एक जनाको घर जग्गा छ । दश वर्षअघि ९ प्रतिशत महिलाको नाममा मात्र घरजग्गा रहेकामा अहिले त्यो बढेर २० प्रतिशत पुगेको छ ।
२०५८ सालको जनगणनाका बेला १५ प्रतिशत महिलामात्र घरमूली थिए भने अहिले यो बढेर २६ प्रतिशत पुगेको छ ।

भूमि अधिकार आन्दोलनमा महिला

| विवरण | पुरूष | महिला |
|---|---|---|
| राष्ट्रिय समिति | ९ जना | ९ जना |
| जिल्ला मञ्चका अध्यक्ष | ४० जिल्ला | ४ जिल्ला |
| मञ्चमा संगठीत सदस्य | ६७०३९ | १९८५५ |
| अगुवा | ४३२९ | ४८५५ |

**आन्दोलन कस्तो ?**

हाम्रो आन्दोलन गाउँठाउँको आन्दोलन । हाम्रो आन्दोलन जिल्लाको आन्दोलन । हाम्रो गाउँठाउँको आन्दोलनले दवाव पुगेन भने सिंहदरबारसम्म पुगेर पनि अधिकार लिन दवाव दिने आन्दोलन । आन्दोलनले गरीबी, अन्यायको जरामा सम्बोधन गर्नुपर्छ । र सकरात्मक र संस्थागत परिवर्तन ल्याउनुपर्छ । प्रभावकारी सामाजिक आन्दोलन भनेका समाज पुर्ननिर्माणको प्रक्रिया हो । यो भनेको प्रतिरोध, जुलुस वा तालाबन्दी जस्ता परिचालन मात्र हैन । यो प्रतिरोधको मात्र आन्दोलन हैन । विकल्प निर्माणको पनि आन्दोलन हो । यो आन्दोलन काम लाग्ने मान्छे बन्ने आन्दोलन पनि हो ।

**अगुवा/कार्यकर्ताबारे,**

हाम्रो आन्दोलनको उद्देश्य हो । गाउँमा वास्तविक अगुवा निर्माण गर्नु जो सामाजिक परिवर्तनका लागि पनि सक्रिय हुन्छन् र कृषिको कर्ममा पनि । यीनीहरूको भनाई र गराई एउटै हुन्छ । यो नै समाज परिवर्तनको साँचो शक्ति हुन्छ । समाज परिवर्तनको ईन्धन भनेकै यही अगुवा हुन् । जव सम्म स्थानीय नेतृत्व खडा हुदैंन र यो स्वच्छ हुदैंन । तवसम्म परिवर्तन सम्भव हुदैंन ।

यो आन्दोलन भित्र, कसैलाई पनि आनन्द छैन् । समुदायको विश्वास, गरीबीको अन्त गर्ने अठोट र आफ्नो बर्गिय पृष्ठभूमीले दिएको जिम्मेवारी ज्यादा महत्वपूर्ण हुँदोरहेछ ।

परस्पर आदार र विश्वास । काम गर्ने स्वतन्त्रता । प्रतिवद्दता, जनतासँगको कसम अन्यायप्रति रोष । असल व्यवहार । असल छाप छोड्ने कार्यकर्ताको विशेषताहरू हो ।

**सङ्गठनबारे,**

राज्यको भूमिका हो, शक्तिहीनलाई शक्तिशालीहरूको अन्याय, थिचोमिचोबाट संरक्षण दिने । तर राज्यको यो भूमिका उल्टो हुदैं आईरहेको छ । त्यसो भएर सङ्गठन चाहिएको हो । हाम्रो सङ्गठन राष्ट्रिय भूमि अधिकार मञ्च, अव एउटा बलियो र छबि बोकेको सङ्गठन भईसकेको छ । ५३ जिल्ला मञ्च । २५ सय गाउँ मञ्च । २ लाख सदस्य । जो सवभन्दा बढि श्रम गर्छन तर गरीब छन् ।

उत्पादन विनाको संगठन दिर्घकालिन हुन नसक्ने रहेछ । गरीबीको मुख्य कारण शोषण, अन्याय र स्रोतको अन्यायपूर्ण वितरण विरूद्द संगठीत हुने हो तर उत्पादन विनाको संगठन दिर्घकालिन हुदैंन । फेरी हामीले उत्पादनको साधनको स्वामित्वको विषय उठाईरहेका छौं । उत्पादन अभिवृद्दिमा नलागेको संगठन लङ्गडो हुन्छ । भने सचेतना र अधिकार दावीमा नलागेको सङ्गठन अन्धो हुन्छ । संगठनको शक्ति नभई सत्यता प्राप्ति हुन सक्दैन । सङ्ठीत हुनु भनेको समूह बनाउनु हैन । उनीहरूको एक्सनचाँही बढि महत्वपूर्ण हो ।

**विकास**

विकास मानिसभित्रको रचनात्मक भावना, चेतनशिलता र क्रियाशिलताको उपज हो । हामी नेपाली धनी हुन चाहान्छौं । धनी बनिरहेका छैनौं । हामी विद्वान हुन चाहान्छौं । कुनै अविष्कार गर्न सक्दैनौ । व्यवसायी भन्छौं । घाटा मात्र लागरीहन्छ । गाउँपिच्छे टोलपिच्छे नेता बन्छौं, नेतृत्व गर्न सक्दैनौं । अभियानकर्ता बन्छौं । अभियान गर्न सक्दैनौं । अनि कसरी हुन्छ ? विकास । अनि कसरी हुन्छ ? परिवर्तन ।

गरीबी मानसिकता पनि हो । त्यही मानसिकताका उपचार हामी गहना, ठुला ठुला मोवाईल, टल्किने घडी किनेर पुर्न खोज्छौं । तर त्यो भन्दा असल हुनु राम्रो हो । विकास जसलाई चाहिएको छ । उसको नेतृत्व र सहभागिता पनि जरूरी छ । विकासका प्राथामिकताहरू पनि उसैले निर्धारण गर्नुपर्दछ । त्यही अभियानमा पनि हामी छौं ।

जुन जुन देशमा श्रमको प्रतिष्ठा भएको छ । ति देश बदलिएको छ । ति गाउँ अगाडी बढेका छन् । जव गाउँको विकासका लागि मुल्य मान्यता बोकेर कोही पछि लाग्छ । त्यसपछि त विकासको गंगा बग्नेछ । हो हामी पनि यही यात्रामा लाग्न खोजेको हौं । हरेकको पहिलो प्राथामिकता हुन्छ । खाना । खाना भूमिबाट आउँछ । गाउँगाउँमा ठुला विल्डीङ्ग हैन मानवीय सोंच बढाएर परिवर्तन बढाउन सकिन्छ ।

**अव कता जाने ?**

हाम्रो गन्तव्य हो, दिगो, आत्मनिर्भर, सचेत र न्यायपूर्ण समाज । जमिनमा किसानको स्वामित्व कायम गरेर किसानलाई जमिनमा आधारित उत्पादन र उत्पादकत्व वृद्दि गर्दै आम्दानी बढाउन मद्दत गर्नु ।

किसानको आत्मपरिचय, आत्मगौरव, आत्मचेतना अभिवृद्दि गर्दै आफु र समाज अनि समाज र प्रकृतिबीचका सम्बन्ध बुझ्न मद्दत गर्नु ।

वनको चरो । विभिन्न रुखमा फलेका फल चाख्दै हिँड्थ्यो । उसमा फुल फुलेका रुखमा फल लाग्छ र नफुलेकोमा फल लाग्दैन भन्ने ज्ञान पनि थियो । कुनै दिन चरोले सिमलको फुल देख्यो । फुल साह्रै सुन्दर थियो । चरालाई लाग्यो । आहा ! कति राम्रो फुल । यस्तो फुलमा कति मिठो फल लाग्ला । खान कति मजा आउला ! चरो मनमनै कल्पियो । दिन बित्नै लाग्दा फल लाग्न पनि शुरु भयो । चरो मिठो फल पाक्ने र खान पाउने आशामा मुख मिठ्याउँदै रुख नछोडी बस्यो । तर पाक्ला भनेको फल एकदिन फुट्यो । जुन कपासले भरिएको थियो । चराको मिठो फल खाने ईच्छा अपुरै रह्यो । अरुको जग्गा कमाउने एक किसानले नेपालको भूमिसुधार र जोताहा किसानले जमिन पाउने पनि सिमलको फल खान पाउने जस्तै भएको तुलना गर्दै यो कथा सुनाएको थियो । दलहरुले जनता चाहिँदा भूमिसुधारको रातो फुल देखाए तर फल चखाउन सकेनन् । भूमिसुधारका मौखिक र कागजी घोषणा बने । तर व्यवहारमा सत्ता बाहिर रहँदा सत्ता चाहियो । सत्ता पाउँदा गरेनन् । मौखिक र कागजी घोषणामा भूमिसुधारका ६ दशक बिते । राज्य भूमिसुधारका मामलामा पुर्णत असफल भयो । दलहरु आफ्नो बचनबाट पछि हटे । भूमि प्रशासन किसान सहयोगी बन्न सकेन । भुमि प्रशासन केवल नक्शा कित्ताकाट र रजिष्ट्रेशनमा सिमित रह्यो । यसले जोताहा किसानहरुको हित गर्न सकेन । कृषि उत्पादन घटायो । प्रशस्त कृषि भुमि भएर पनि खाद्यान्नमा परनिर्भर हुनुपर्‍यो । यसले देशलाई झन झन गरिब बनाउँदै लग्यो ।

अहिलेका मानिसको टाउको ठुलो र मन खुम्चदैं गएको छ । हाम्रो उद्देश्य चुस्त दिमाग, सिपालु हात र ठुलो मन भएको पक्का किसान तयार गर्नु हो ।

जल, जमिन र जंगल नै गरीब मानिसहरूका वास्तविक सम्पत्ति हुन् । भविश्यमा यदि वातावरणयीय स्वास्थ्य र सामाजिक न्यायलाई हेरेर दिगो र शान्तिपूर्ण समाज चाहने हो भने साना किसानी नै एक मात्र उपाय हो । विकसीत देशहरू खासगरी ल्याटिन अमेरिकी देश परिवारीक खेती र खाद्यमुखी खेतीमा फर्किसकेका छन् ।

हाम्रो लक्ष्य राज्यसत्ताको सामना गर्ने व्यक्ति र समुदाय तयार पार्नु हो । समानुपातिक शारीरिक श्रमयुक्त जीवनशैली यसको आर्दश हो । प्राकृतिक र सांस्कृतिक विविधता यसको उर्जा हो । समाज बहुलतावादी होस् । उन्नतीको लक्ष्य आनन्द र शान्ति पनि होस् । उपभोग मात्र होईन ।

तर अहिले समय वगेन । समय जलेर सिद्धियो । हामी यही प्रवृत्तिका बिरूद्ध पनि लडिरेहका छौं ।

उत्पादन र उद्यमसँग जोडिएको अगुवा र अभियानकर्ता, उत्पादनसँग जोडिएको योजना प्रत्येक गाउँमञ्चको ( संगठनका हरेका सदस्य र उनको परिवारको समग्र सवलीकरण । क्षेत्र र जिल्ला जिल्लामा स्रोत केन्द्र (फार्म हाउस) । प्रविधीक शिक्षालय । सहकारी र गरीबको बैंक । बाँझो जग्गाको उपयोग । १२ महिना खान पुग्ने भूमि । संयुक्त पूर्जा अभियान । सामुदायिक भूमिसुधार । जग्गाको अधिकतम उपयोग, रहरलाग्दो उद्यम । उद्यमी किसान । यही हो अवको हाम्रो बाटो । भूमिमाथि महिला किसानको अधिकारले समानताको आन्दोलनलाई बल पुऱ्याउँछ । सम्पत्तिको फाईदा स्वामित्वले मात्र हैन त्यसको उपयुक्त नियन्त्रण र उपभोगले दिन्छ । यो महिला र तिनका परिवारको समुन्नती, खाद्यसुरक्षा, शक्ति, न्याय, सम्मान, पहिचान बढाउन र गरीबी, भोक, शोषण, अन्याय, हिंसा र विभेदको अन्त्य गर्न महत्वपूर्ण हुनेछ ।

### ४.२.४ प्राकृतिक स्रोत साधन र महिला अधिकार, दिनमणी पोखरेल, अधिवक्ता

**के हो र किन महिला अधिकार ?**

महिलाले स्वतन्त्र रूपमा बाँच्न पाउने । स्वतन्त्र रूपमा बोल्न पाउने । स्वतन्त्र रूपमा हिड्न पाउने । आफूले चाहेको बेलामा बच्चा जन्माउन पाउने (कति वर्षको उमेरमा विवाह गर्ने, कति वर्षको उमेरमा गर्भाधारण गर्ने) । नेपालको परिवेशमा कानूनले दिएको अधिकार पनि महिलाले नपाएको अवस्था छ । कुनै पनि क्षेत्रमा सहभागितामूलक महिलाहरूको पहुँच नियन्त्रण नभएको अवस्था भएकाले महिला अधिकार खोजिएको हो ।

महिलाहरू स्वतन्त्र र समान छन् भनेर संविधानमा लेखीएको छ । हाम्रो संविधामान पनि सबै जातजाती र वर्गहरू, महिला र पुरूष समान छन्, कसैलाई कुनै भेदभाव छैन् भनेर लेखियो तर त्यसको कार्यान्यवन भने हुन सकेन् । कागजमा हामी सबै स्वतन्त्र छौं, समान छौं तर व्यवहारमा हामी त्यस्तै हुन सकेनौं । अव हामीलाई व्यवहारीक रूपमा स्वतन्त्रता चाहियो भनेर महिला अधिकारको आन्दोलन उठेको हो । संविधानमा जे लेखिए पनि 'दासहरू' पनि हाम्रो समाजमा रहेकाले गर्दा ती कुराहरू लागु हुन नसकेका हुन् । सामाजिक, सांस्कृतिक, र कानूनी संरचनाको कारण र ऐतिहासिक शोषण र दासयुक्त मनसायले गर्दा व्यवहारिक रूपमा अधिकारको उपयोग गर्न नपाएको हुँदा समान अधिकार भन्ने बुझाएको आधारमा यो आवाज उठेको हो ।

महिलाहरू शिक्षा, स्वास्थ्य, रोजगारी, सामाजिक संरचना, राज्यका कानूनी निकायहरू, नेतृत्व तहमा समेत पछाडी परेका छन् । समान अवसर भएपनि अहिलेको संरचनाले गर्दा उपयोग गर्न पाएको छैन । समान भएपनि समानता भएको छैन ।

**कानून के हो ?**

कानून भनेको यस्तो एउटा दस्तावेज हो जसले नागरिक र राज्यबीच अधिकार र कर्तव्यको बाडफाँड गर्छ । कसलाई के अधिकार र कसको के अधिकार रहेन भन्ने कुरा कानूनमा लेखीएको हुन्छ । कसैसँग केही लिने अधिकार छ भने त्यो सँग कर्तव्य पनि हुन्छ भन्ने कुरा हामीले पनि बुझ्नु आवश्यक छ ।
कानूनमा जमिनमा महिलाको अधिकारको पक्ष के छ ? जमिन खरिद गर्ने, बेचविखन गर्ने, उपभोग गर्ने अधिकार कानूनले महिलालाई दिएको छ ।

- एकको स्वामित्वमा भएको जग्गालाई अर्कोमा नाममा स्थान्तरण गर्दा राज्यले छुट दिएको हो ।
- सयमा संयुक्त पूर्जा ।
- पैतृक सम्पत्तिमा समान अधिकार,

- छोरा छोरीलाई अशं दिन पाउने अधिकार

**प्राकृतिक स्रोतमा महिलाको पहुँचका लागि के गर्ने ?**

- सामुदायिक वनमा आश्रित हुने महिलाको लागि कानूनमा उनीहरूले उपभोग गर्न पाउने अधिकारको विषयमा लेखीनुपऱ्यो ।
- सामुदायिक वनको विधान अध्ययन गरी जीविका जोडीएकाहरूको लागि विधानमा उल्लेख गरीएको छैन् रेछ भने त्यो विधानको संसोधन गर्नको लागि आन्दोलन गर्ने रणनीति तयार गर्नुपऱ्यो ।
- सामुदायिक वनको अहिलेको संसोधन ऐनले सामुदायिक वनमा आश्रीतहरूलाई गरीबमुखी कार्यक्रमहरू ल्याएको छ त्यसको कार्यान्वयन कस्तो छ त्यसको पनि हामीले हेर्नु पऱ्यो ।
- सामुदायिक वनमा महिलाको कम्तिमा ३३ प्रतिशत प्रतिनिधीत्वको कुरा छ, अव हामीले हाम्रो क्षेत्रमा त्यसको लागि अभियान नै चलाउनुपर्ने हुन्छ ।
- सामुदायिक वनमा हामीले पनि गरीबहरूको लागि जीविका धान्न सक्नेका लागि विविध कार्ययोजना बनाउनको लागि पहल गरीनुपर्दछ ।

**जल अधिकारमा महिला ?**

- सबैलाई स्वच्छ पानी पिउन पाउने अधिकार छ । पहिलो पिउने पानी हो । दोस्रो कृषिमा सिंचाई गर्न पाउने अधिकार छ ।
- नेपालमा उत्पन्न हुने सम्पूर्ण पानीको स्रोतको स्वामित्व के गर्ने भन्ने निणर्य राज्यको हुन्छ ।
- जलस्रोत ऐन २०४९ को दफा ३ मा खानेपानीको निजी स्वामित्व, उपयोग गर्ने अधिकारको कुरा उल्लेख छ ।

**हाम्रो अधिकार आन्दोलनको दावी गर्ने क्षेत्रहरूमा,**

आन्दोलनमा साना कुराले महत्वपूर्ण भूमिका खेल्छ, हामीले साना-साना कुरालाई पनि मसिनो सँग छलफल गरेर योजना बनाउनुपर्ने हुन्छ । त्यसकारण अधिकारका लागि हाम्रा दाविहरू भनेका जमिनसँग जोडीएका सवालहरू, प्राकृतिक स्रोतसँग जोडीएका सवालहरू, जलस्रोतसँग जोडीएका सवालहरू, सिंचाईसँग जोडिएका सवालहरूमा हामीले हाम्रो अधिकार हुनुपर्छ भनि दावि गर्नुपर्छ ।

## ४.३ तेस्रो दिन :

### ४.३.१ भूमि अधिकार आन्दोलनको भविष्य, जगत बस्नेत : कार्यकारी निर्देशक, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

म एउटा चाइनीज दार्शनिक पोगोको भनाईबाट सुरू गर्छु । “मैले लामो समयदेखिको सत्रु फेला पारे, सत्रु आँफैभित्र रहेछ ।”

सम्मेलनमा सहभागि भएको मध्ये आफ्नो मात्र नाममा जग्गा हुने महिलाहरूको संख्या जम्मा ५ जना, संयुक्त नाममा जग्गाधनी प्रमाण-पत्र हुनेहरूको संख्या जम्मा ७ जना, सुकुम्वासी ५२ जना रहेको पाइयो । केही जग्गा भएका सवैले पूर्जा बनाउनु भएको रहेनछ । हामी आफैंले गर्न सक्ने गरेका रहेनछौं । आफुलाई पनि हेरौं । अरूलाइए मात्र दोषी नदेखौं ।

**जमिन के हो ?**

हाम्रो जस्तो रोजगारीको सुरक्षा नभएको देशमा जमिन भनेको, शक्ति हो । सम्पत्ति हो । सम्मान हो । पहिचान हो । स्वतन्त्रता हो । लगानी र उत्पादनको साधन हो ।

महिलाको भूमिमा स्वामित्व बढाउनको लागि महिलाहरूले सहादत समेत प्राप्त गरेका छन् त्यस्ता कुरालाई पनि हामीले भुल्नु हुदैन् । सयमा संयुक्त पूर्जाको कुरा पनि त्यसै आएको होइन । सयमा संयुक्त पूर्जाको नीति ल्याउनको लागि पनि धेरै आन्दोलन गर्नु परेको थियो । अव यसलाई देशव्यापी बनाई महिलाहरूको भूस्वामित्वमा वृद्धि गर्नको लागि अगुवा महिलाहरूले बढि भूमिका खेल्नु पर्दछ । अव गाउँ गाउँमा संयुक्त पूर्जाको अभियान चलाउनु पर्छ । बोकेर २/४ जना मानिसहरूलाई लिएर गएर संयुक्त पूर्जा बनाएर यसले सफलता र दिगोपना दिदैन् । किसानहरू आफैंलाई संयुक्त पूर्जाको महत्व र यसले महिलाको जीवनमा ल्याउने परिवर्तनको विषयमा बुझाउनुपर्छ । अवको तीन महिना भित्र देशव्यापी रूपमा संयुक्त पूर्जाको अभियान स्वःस्फूत रूपमा सञ्चालन गरिनुपर्दछ भन्ने यो सम्मेलनको पनि उद्देश्य हो । यसको लागि आफू, आफ्नो संगठन, गाविस र जिल्लाव्यापी रूपमा यहाँ आउनुभएका महिला अगुवाहरूले पनि अभियान सञ्चालन गर्नु पर्दछ ।

घर बास सबैलाई, तर खेतीयोग्य जमिन किसानलाई, किसानमा पनि महिला किसानलाई, हामीले खाजेको आन्दोलनको भविष्य जमिनको शोषण हुनु भएन भन्ने हो । हामीले न्याय गर्न खोजेका हौं, समाजमा सबै मानिसहरू न्यायपूर्ण रूपमा बाँच्न पाउने कुरा सुनिश्चित हुनुपर्‍यो । नयाँ नेपाल बनाउनको लागि हो, मुक्तीको लागि हो । हामीले शोषण, अन्याय, अत्याचारको मात्र विरोध गरेका होइनौं । महिलाको पहिचान, स्वतन्त्रताको लागि भूमि खोजेका हौं । महिलालाई भूमि चाहियो भनेर आन्दोलन हुन नसकेको अवस्था हुँदा हामीले यो आन्दोलनको सुरूवात गरेका हौं । यसमा सबैको सहयोग पनि पाएका छौं ।

हामीले खोजेको समग्र भूमिसुधार हो । कुनै निश्चित कुरा होइन्, कुनै व्यक्ति र समुदायको लागि मात्र पनि होइन्, देशमा भूमिसुधार भयो भने सबैलाई फाइदा पुग्छ ।

एकता परिषद भारतको भूमिअधिकार जस्तै संगठन छ । यो वर्ष भारतमा एक लाख मानिस हिडाउँने भन्ने घोषणा गर्‍यो र उतार्‍यो । ७ दिनको दिन सरकार सहमतिमा आयो । आन्दोनल पुरा भयो । सरकारलाई दवाव दिनको लागि पीडितहरूले दबाब दिनुपर्दछ । नेपालमा पनि २०७२ मा १० हजार मानिस काठमाडौंमा उतार्ने हो भने ती भूमिहीनको आन्दोलन देखेपछि सरकार माग पुरा गराउन बाध्य हुनेछ । चाइनामा भूमिसुधार हुनुको मुख्य कारण महिलाहरू अगाडी आएर हो । बाज्रिलमा पनि महिलाहरूको समर्पण भएकोले अव त्यहाँ पनि चाहेको जस्तो भूमिसुधार हुने प्रकृयामा छ ।

हाम्रो संगठनमा प्रतिवद्द हुने मानिसहरूको कमी छ । प्रत्येक जिल्लाबाट १ हजार मानिस आन्दोलनमा लाग्नुभयो भने ५० जिल्लामा ५० हजार मानिस हुन्छन् त्यो भनेको ठुलो बल, ठुलो शक्ति हो । हाम्रो आन्दोलनमा स्वार्थमा लाग्ने मानिसहरू पनि लागेका छन् त्यसको लागि पहिचान गर्नुपर्छ ।

**आन्दोलन बलियो बनाउनको लागि :**

- कुनै पनि काम आफुबाट सुरू गर्छु, आफैं नमुना बन्छु भन्ने प्रतिवद्दता छ भने आन्दोलन अगाडि बढ्छ ।
- महिनामा कति दिन र वर्षमा कति दिन संगठनको लागि कति दिन सकिन्छ ? (१० दिन, १५ दिन, २ दिन, १ दिन) संगठनका लागि प्रत्येक सदस्यले १ वा २ दिन मात्र दिन सकेपनि राम्रो हुन्छ । त्यसको लागि अव हामीले संगठनमा छलफल चलाउनु पर्दछ ।
- गाउँ गाउँबाट भूमिसुधारको अभ्यास थाल्नुपर्छ ।
- संगठनमा आन्दोलन कोषलाई बलियो बनाउनुपर्दछ । त्यो एक रूपैया मात्रै किन नहोस्, त्यसले आन्दोलनमा शक्ति दिन्छ ।

**४.३.२ समापन शत्र :**

**निर्मला थारू, सदस्य, टेसनपुर गाउँ भूमिअधिकार, बर्दिया**

म दुःख झेल्दै यहाँ आईपुगेकी हुँ । सानैदेखी अरूको घरमा काम गरेर परिवार पालेको हुँ । मेरो छोरा भारतमा काम गर्दा करेण्ट लागेर मऱ्यो । म पागल जस्तै भएकी थिएँ । तर जनकपूरमा भएको भूमिअधिकार मञ्चको तेस्रो राष्ट्रिय सम्मेलबाट मेरो दिन फिरेको जस्तो लागेको छ । मेरो मन शान्त भएको छ । किनकी मैले त्यँहा म जस्तै धेरैलाई भेटें र दुख साटें । अव म मेरो सास जाने भएपनि यो आन्दोलन छाड्दिन । के कमैया मान्छे होइन् ? सुकुम्वासी मान्छे होइन् ? लालपुर्जा कस्तो हुन्छ हामीलाई थाहा छैन् । हामीले चाही जमिनको हक नपाउने ? खेती गर्नेले जमिन नपाउने ? सबै मानिसहरू बराबर हुनुपर्छ भन्ने हाम्रो माग हो । म बसेको ठाउँमा मेरो छोराले रोपेको बोटविरूवा समेत काटीदिएका छन् । मलाई गरीखान दिइएको छैन् । जीविका चलाउन गाह्रो भएको छ । यस्तै भएको छ देशभरका महिला दिदिबहिनीहरूलाई । त्यसैले हामीलाई अव भूमिमा अधिकार चाहियो, हामी पनि पुरूष जस्तै मानिस हौं ।

**सावित्री बलाम्खापी, अध्यक्ष, बलाम्पाकी गाउँ भूमिअधिकार मञ्च, महोत्तरी**

सासु ससुराको पालादेखि नै अरूकै जग्गामा बस्दै आएको हो । जग्गा नभएर हामीले धेरै दुःख पाएका छौं । पछि संगठन बनाएर अधिकारका लागि संघर्ष गरियो । भूमिहीनहरूको पक्षमा भूमिअधिकार मञ्चले सहयोग गर्छ, संगठीत गर्छ भन्ने थाहा भयो । अनि लागियो । अहिले जग्गा नापी भयो । खुसी लाग्यो । मैले मात्र जग्गा पाएर हुँदैन् देशभरीका दिदिबहिनीलाई पनि यस्तै समस्या छ, दुःख छ भनी म सघर्ष गरि आन्दोलनमा लागिरहको छु ।

**सुभद्रा बजगाई, सदस्य, जिल्ला भूमिअधिकार मञ्च, ललितपुर**

मलाई विवाह गरेर ल्याउदा भाडाको कोठामा राखीएको थियो । खाने बस्ने र सुत्ते ठाउँसम्म थिएन् । मैले फलफूल व्यापार गरेर एक रोपनी जग्गा किन्न सफल भएँ । म अहिले भूमिअधिकार मञ्चमा लागेर सिक्ने, संगठीत हुने अवसर पाएको छु । ललितपुरमा संयुक्त पूर्जाको अभियान चलाइयो । जिल्लामा नै पहिलो पटक मैले संयुक्तपूर्जा बनाएँ । श्रीमान्ले मानेका थिएन् तर पछि माने, कति दिन रात सम्झाए पछि मात्र माने । पसल र घर व्यवहार समेत चलाईरहेको छु । समूहमा तितौरा व्यवसाय गरीरहेका छौं । यहाँ आएपछि हामीले राजनीतिका कुरा पनि सिक्नुपर्ने रहेछ भन्ने लागेको छ ।

**पार्वती चौधरी, अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, कन्चनपुर**

म कमलरी हुँ । मलाई आठ वर्षको हुँदा कमलरी बसाईयो । मलाई पढ्न लेख्न धेरै मन लाग्दा पनि पाईन् । म कमलरीबाट मुक्त हुन र अरूलाई पनि मुक्त गराउनको लागि भूमिअभियानमा लागेको छु । हामी घरबाट आउँदा खाली आएका थियो अव जाँदा केही कुरा लिएर जाने छौँ । जव किसानले वीउ छर्छन त्यो वीउ सबै खेतीमा नै पर्छ भन्ने छैन् । अन्त परेको दाना अरूले खान्छ । खेतीमा परेको वीउ भनेको हाम्रो भूमिअधिकार मञ्च हो । यसमा लागेपछि अवस्य पनि मिठो फल पाइन्छ । जीविकाको लागि सघर्ष र आन्दोलन गरी अधिकार लिन मञ्चले सिकाएको छ । मञ्चमा लागेपछि पढ्न जागँर र जोश चल्यो र श्रीमान्सँग सल्लाह गरी पढ्न थाले । र त्यस पछि अरूलाई बुझाउँन सजिलो भयो । हामी १२ जना मिली ४० रूपैंयाका दरले उठाएर हामीले सामाग्रीहरू किनी पढ्न थालेको हौं । हामीले आफ्नै गाउँमा भूमिघर बनाएका छौं ।

**वलावती राजवंशी, अध्यक्ष, हिमाली गाउँ भूमिअधिकार मञ्च, झापा**

सानै उमेरमा विवाह भयो । भूमिअधिकार मञ्चमा संगठीत भएपछि भूमि अधिकारबारे थाहा पाउन थालेँ । अधिकार लिनैपर्ने रहेछ भन्ने आत्मबल पनि बढेको छ ।

म श्रीमान् र उनको परिवारबाट हिंसामा परेकी महिला हुँ । मलाई घरबाट निकाल्दा आफ्नो अधिकारको बारेमा थाहा थिएन । गाउँका दिदीबहिनीको सहयोगमा सम्पत्ति लिन सफल भएको छु । यसपछि मलाई जीवनमा धेरै कुरा पाएँ जस्तो भएको छ । म चुप लागेर बस्दिन, किनकी मैले जस्तै दुःख पाउने, पीडा भोग्ने, हिंसामा परेको महिला दिदिबहिनीहरू धेरै छन् म उनीहरूको अधिकारको लागि पनि लड्न तयार भएको छु । मेरो यहाँ नेता ज्यूहरूसँग के अनुरोध छ भने हामीले धेरै हिंसा सहनु पर्‍यो, धेरै दुःख सहनु पर्‍यो अव यस्ता हत्या हिंसा मञ्चाउनेहरूलाई कडा भन्दा कडा कार्वाही गर्ने कानून ल्याउन म आग्रह गर्दछु ।

**चन्द्रेश्वरी सदा, कोषाध्यक्ष जिल्ला भूमि अधिकार मञ्च, सप्तरी**

हामी दलित भूमिहीन एकदम दुःखमा छौँ । हामी भूमिअधिकारबाट वञ्चित छौँ । हामी बसेको जमिन वनको जग्गा हो, ऐलानी पर्छ । हामीले पटक पटक सिडियो कार्यालय, वन कार्यालयसँग माग राख्यौं । आन्दोलनबाट सुकुम्वासीको परिचय पत्र बन्यो । यसलाई पनि उपलब्धी नै मानेका छौँ । हामीले सामुहीक तरकारी खेती गरिरहेका छौँ ।

**यसोदा रखाल मगर, अगुवा किसान, सामुदायिक भूमि सुधार अभ्यास, सिन्धुपाल्चोक**

आन्दोलनबाट गुठीको जग्गा रैकर गराउन सफल भइयो । सोही जग्गामा संयुक्त लालपूर्जा पनि बनायौँ । भूमि अभियानमा लाग्दै जीविकाको लागि तरकारी खेती गरिरहेको छु । यसबाट मैले वार्षिक दुई लाख सम्म आम्दानी गरेको छु । यही आम्दानीले परिवार राम्रोसँग चलेको छ । म यहाँ सम्म पुग्नु भूमिअधिकार आन्दोलनको पनि फल हो । महिला तथा हामी जस्ता गरीखाने किसानको लागि जीवनको महत्वपूर्ण कुरा भनेको नै भूमि रहेछ भूमि पाएपछि त्यसको सदुपयोग गर्नु हाम्रो कर्तव्य हो ।

**ल्यामबहादुर दर्जी, महासचिव, राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल**

सुरूमा १४/१५ जिल्लाका भूमिपीडित भेला भएर २०६१ सालमा भूमिअधिकार मञ्चगठन गरेका थियौं । अहिले ५३ जिल्लामा फैलिएको छ । हामी आफ्नो जमिन नभएर पनि भूमिमा काम गरिरहेका किसान हौँ । म हलिको

छोरो हुँ । बाबुले ४०/५० वर्ष सम्म अरूको जग्गामा हलो जोत्नु भएको थियो । भूमिमा कर्म गर्नेहरूलाई नै भूमिको मालिक बनाउनुपर्छ भन्ने कुरालाई मध्यनजर गर्दै हामीले देशव्यापी आन्दोलन सुरू गरेका हौँ । भूमिअधिकारमा महिलाको सवाललाई लिएर हामीले भूमिमा महिला सम्मेलन दोस्रो पटक गर्दैछौँ । पहिलो सम्मेनलन काठमाडौँमा गरेका थियौँ ।

किसानले वीउ जोगाएर उत्पादन गरेका खाना खाएर सबै बाचेँका छन् । उत्पादनमा पुरूषको भन्दा महिलाको योगदान दोव्वर छ । तर पनि सम्पत्तिमा महिलाको कुनै अधिकार नभएपछि हिंसा बढेको घटनाहरू तपाई हामीले बारम्बार सुनिरहेका छौँ, देखिरहेका छौँ । महिलाहरू जमिनको स्वामित्व नभएको कारण पनि धेरै कुराबाट असुरक्षित छन् । ती आमा, जसले सबै कुरा गर्छिन् तर ती आमासगँ जमिन छैन । महिला सबै आमा हुन् । ती आमाले जमिन नपाउँदा ज्यादै दुःख लाग्छ । हामी अव भूमिमा महिलाको स्वामित्व कायम गराउनको लागि लागिपर्ने छौँ ।

**पवित्रा अर्याल, भूमि अभियानकर्ता बर्दिया**

हामी महिलाहरू त्यसै बस्नेवाला छैनौँ । हामीलाई भूमिको स्वामित्व चाहियो । राज्यको कानूनमा भएको कुरा समेत हामीले पाउन सकेका छैनौँ । सम्पत्तिमा महिलालाई पनि हक दिइएको भएपनि त्यो व्यवहारमा कार्यान्वयन भएको छैन् । आधा धर्ती ओगट्ने महिलाले धर्तीको स्वामित्व नपाउने ? यो जस्तो विडम्वना अरू केही हुन सक्दैन् । जमिनमा महिलाको स्वामित्व बढाउनको लागि हामीले संयुक्त पूर्जाको विषयमा अभियान गरिरहेका छौँ । महिलाको नाममा पनि संयुक्त जग्गाधनी पूर्जा वा भूस्वामित्व भयो भने उनीहरूको आत्मसम्मान बढ्छ । समाजमा महिलाले पनि पुरूषले सरह स्वतन्त्र रूपमा बाँच्न पाउँछन् । जो ठुला पेशामा हुनुहुन्छ, जो धनी छन् उहाँहरूलाई जमिन चाहिदैन्, जमिन त गरिखाने किसानलाई चाहिन्छ । जवसम्म महिलासँग जमिन हुँदैनै तवसम्म उनीहरूको समाजमा अस्थित्व पनि हुँदैन त्यसैले गरिखाने वर्गको लागि भूमिको हक दिलाउनको लागि हामी आन्दोलन गरिहरने छौ ।

**कल्पना धमला,  सदस्य, एनेकपा माओवादीका केन्द्रीय अनुशासन आयोग**

महिलालाई हाम्रो समाज र शासन सत्ताद्धारा दोस्रो दर्जाको रूपमा जसरी वर्गीकृत गरियो, त्यसबाट मुक्तिको लागि आवाज बुलन्द हुदै गएको छ । त्यसलाई संविधान मार्फत निर्मूल पार्नको लागि आवाज उठेकै छ ।

हामी महिला आफ्नो पहिचान र स्वतन्त्रताको लागि भूस्वामित्वको माग गरिराखेका छौँ । उत्पादनका साधन, उत्पादन स्वामित्वबाट जन्मेको वर्ग, उत्पादनको स्वामित्वबाट टाढा हुनु परेको अवस्था छ । उत्पादनको साधनमाथि उत्पादन गर्नेको हक हुनुपर्छ भनी भूमिअधिकार मञ्चले उठाएको सवाल सहि छ । उत्पादनको स्वामित्व आफ्नो हातमा नपर्दासम्म महिलाहरू मालिक बन्न सक्दैनन् । जव एउटै गर्भबाट जन्मने छोरा सम्पत्तिको हकदार हुन्छ, छोरी त्यो सम्पत्तिबाट वञ्चित हुन्छे । लैङ्गिक हिसावले नै वञ्चित हुन्छ, पैतृक सम्पत्ति जो आफू जन्मना साथ बाबुआमाको सम्पत्तिमाथिको स्वामित्व महिलाको हातमा हुदैन् भने बाहीर गएर श्रीमान्बाट उनको परिवारबाट पाउँछन भन्ने कुरा जटिल र चूनैतीपूर्ण छ । राज्यले सबै नागरिकलाई समान हकको व्यवस्था गर्न सकेको छैन् ।

हामीले संविधान मार्फत मौलिक हकमा नै भूमिको कुरा राख्न खोज्यौ तर राजनीतिक सहमति नहुँदा त्यो त्यसै हरायो । महिलाहरूको हक स्थापित गर्नको लागि ५ **'स'** महत्वपूर्ण मानिन्छ । श्रम माथिको अधिकार-महिला गर्ने श्रमको मूल्याङ्कन हुनुपर्छ र महिलाको कामको राज्यको जिडिपीमा गणना हुनुपर्छ । सम्पत्ति माथिको अधिकार-

छोरा सरह छोरीले अंश पाउनुपर्छ । शरिरमाथिको अधिकार-जन्मने वित्तिकै छोरीलाई भेदभाव हुन्छ, छोरा पाउँदा खुसियाली हुन्छ भने छोरी पाउँदा त्यस्तै हुदैन्, र नेपालमा छाउपडी जस्ता कुप्रथाहरू छन, त्यसकारण महिलाको शरीर माथिको अधिकार स्वयंम महिला आफैंलाई दिनुपर्छ । सेना माथिको अधिकार-राज्यको सुरक्षा निकायमा पनि समान सहभागिता कायम गराउनु जरूरी छ । त्यो भयो भने मात्र महिलाको अधिकारको निम्ती आवाज उठाउनेहरूको सुरक्षा गर्छन् । समान अधिकार-राज्य व्यवस्थामा महिलालाई पनि समान र नागरिक अधिकार भनेर व्यवस्था गरीनुपर्छ । राज्यद्धारा दिईने सेवाहरू महिलालाई पनि समान रूपमा दिईने व्यवस्था हुनैपर्छ । जति बेला महिलाहरू समान व्यवस्थामा पग्न सक्दैनन् तव सम्म महिलाको हकमा राज्यले विशेष व्यवस्था गर्नुपर्दछ । शिक्षा, स्वास्थ्य, रोजगार लगायत राज्यका निकायहरूमा समान हैसियत नहुनजेल सम्म विशेष व्यवस्था गरीनु पर्छ । यी ५ **'स'** लाई संस्थागत गर्न सक्यौं भने महिलालाई समान हैसियतमा पुऱ्याउन सक्छौ, राज्यको नीति निर्माण तहमा पुऱ्याउन सक्छौं, उत्पादनमाथिको स्वामित्व महिलाको हातमा पार्न सक्छौं । हामी पनि यही अभियानमा छौं । देशमा संविधान निर्माण हुन्थ्यो तर २/५ जना प्रमुख नेताले गर्दा जारी हुन सकेन् त्यहाँ महिलाको निर्णय अधिकार थिएन् ।

भूमिको कुरा गर्दा नेपालमा धेरै प्रकारका भूमिका समस्याहरू छन् । गुठीका जमिन छन्, ऐलानीका जग्गाहरू छन्, जमिन्दारका जमिन कमाउनेहरू छन्, । जो-जो सँग जमिन छ उनीहरूले जमिनको उपभोग गरेका छैन । जो सँग जमिन छैन् उनीहरूले जोतेरै जीवन गुजारा गर्नु परेको छ ।

सुकुम्वासी छन्, हरूवा-चरूवा छन् तिनिहरूमाथि शोषण भैराखेको छ । जोत्नेहरूसँग जमिन नभएको हुँदा राज्यको कूल ग्राहस्थ उत्पादनमा पनि विकास हुन सकेको छैन् । राज्यसँग सुकुम्वासीहरूलाई पहिचान गर्ने स्पष्ट व्यवस्था छैन् । जमिन कसको नाममा छ, को वास्तविक सुकम्वासी हो भन्ने कुरा राज्यले रेकर्ड राख्नु अति जरूरी छ । म पनि तपाईहरू जस्तै भूमि अभियानमा छु । मैले सबै निकायमा भूमिको विषयमा कुरा उठाएको छु । जारी गर्नुपर्ने संविधान चाही जारी नगर्ने सहमती ४ जना नेता बसेर गर्न सक्ने, गुठी जग्गा कमाउनेहरूलाई दिनलाई चाही निर्णय गर्न नसक्ने ? यस्ता विषयमा नेताहरूले चासो नै नदेखाएको हो भन्ने लागेको छ । म गुठी जग्गाको बारेमा भूमिसुधार मन्त्रालयमा नै छलफल गर्ने सोचमा छु त्यसको तयारी पनि गरिरहेको छु ।

## डा. डिला संग्रौला, अध्यक्ष, नेपाल महिला संघ

भूमिमा महिला अधिकार महत्वपूर्ण कुरा हो । मानिसको सम्पत्ति भनेकै भूमि हो । सवै उत्पादन हुने वस्तु भूमिबाट हो । जीविकोपार्जन, रोजगारी, खाद्यान्न आदिको प्रमुख श्रोत भूमि नै हो । भूमि र महिलामा अन्योन्याश्रित सम्वन्ध रहेको छ । भूमिबाट नै कृषि उत्पादन हुने, कृषिमा महिला संलग्न हुने, महिला बेगरको कृषि कार्य असम्भव भएकाले गर्दा भूमिमा महिलाको स्वामित्वको माग सर्वत्र रूपमा उठेको हो । समाजले रोकेको काम हलो जोत्ने कार्य पनि महिलाले गरेका छन् ।

भूमिमा कस्तो कुरा उत्पादन गर्ने, पारिवारीक आवश्यकता के हो भन्ने कुराको समेत निर्णय महिलामा हुनु आवश्यक छ । राष्ट्रिय आम्दानीको श्रोत/पशुपंक्षीको आहारको श्रोत एवं ग्रामिण जनताको जीवनस्तर उकास्ने कार्य भूमिबाट मात्र सम्भव छ । पितृसत्तात्मक संरचनाको प्रभावले गर्दा हाल नेपालमा करिव १९ प्रतिशत जति मात्र भूमिमा सम्र्रग महिलाको स्वामित्व रहेको पाइएको छ । अव भूमिमा महिलाको हक बढाउन, उनीहरूमा भूस्वामित्व ५० प्रतिशत भन्दा बढि कायम गराउनको लागि भूमिमा महिला अधिकार माग उठाइएको हो ।

पृथ्वीनारायण शाहले उपलव्ध भएसम्म सवै मानिसहरूलाई खेती गराई उपयोगमा ल्याउन चाहान्थे । कृषियोग्य जमिनमा घर बनेका भए त्यस्ता घरहरू भत्काउनु पर्दछ भन्ने र जमिन जोगाउन धेरै तल्ला भएका भवन

निर्माण गर्ने पक्षमा उनी रहेको पाइन्छ । खानी भएका ठाउँबाट वस्ती हटाउनु पर्ने कुराका पक्षपाती थिए । आत्मनिर्भर र स्वदेशी अर्थतन्त्रका पक्षधर थिए । घरेलु उत्पादनमा जोड दिनुको साथै कृषिजन्य वस्तु उत्पादन गरेर निर्यात मार्फत राजश्वमा वृद्धि गर्नुपर्दछ भन्ने धारणा राख्दथे । पृथ्वी नारायाण शाहले राज्यका दुई वटा मजवुद आधारस्तम्भ भनेका किसान र अनुशासित सैनिक हुन भन्ने दृष्टिकोण अपनाएको पाइन्छ । त्यसवेला जमिननै प्रमुख राष्ट्रिय सम्पत्ति थियो । ठूलो जनसंख्याको जीविकाको श्रोत मात्र नभई सार्वजनिक आयको श्रोत र मुलुकको प्रतिरक्षा सम्वन्धी आवश्यकताहरूको आर्थिक आधार जमिन नै थियो ।

नेपाली कांग्रेसले जमिनमाथि सामन्तवादी अधिकारको उन्मुलनको माग राखेको हो । जसमा क्षतिपूर्ति नदिई राष्ट्रियकरण गर्न नपाउने, विर्ता उन्मुलन हुनुपर्ने, हदवन्दी भन्दा माथिको तथा वाँझो खेतीयोग्य जमिनको पुर्नवितरण गर्नु पर्ने, जमिनदारी प्रथाको उन्मुलन गर्नुपर्ने, भूमिको अधिकतम हदवन्दी निर्धारण गर्नुपर्ने, जमिनको चक्लावन्दी गरी खेतीप्रणाली व्यवस्थीत गरिनुपर्ने जस्ता मागहरू राखेका छौं ।

नेपाली काग्रेसको तत्कालिन सरकार हुँदा जमिनसम्वन्धी नीति र कार्यक्रम बनाएको थियो । ती के थिए भन्दा, विर्ता उन्मुलनको व्यवस्था, सम्पत्तिकरको व्यवस्था, जंगलको राष्ट्रियकरण, सहकारी संस्थाको गठन र भूमि सम्वन्धि सबै कार्यको लागि बजेटमा करिव २५ प्रतिशत छुट्याएको थियो ।

भूमिलाई अव परम्परागत रूपमा होइन, आधुनिक रूपमा खेती, औद्योगिक, वस्ती-आवास, वन, पर्यटन आदि जस्ता भूउपयोगको आधारमा वर्गीकरण गरि भूउपयोगको नीति अनुसार उपयोगमा ल्याईनुपर्छ । भूमिहीनहरूको भूमिमा पहुँच बढाउन, खण्डीकरणको समस्यालाई न्यूनिकरण गरि चक्लावन्दीलाई प्रोत्साहित गर्न, मोहीको हकको सुरक्षा गर्न, उत्पादकत्व वृद्धि गर्न, प्रत्येक परिवारको वास्तविक भूस्वमित्व एकिन गर्न आधुनिक सुचना प्रणाली एवं भूउपयोग नीति लागु गर्न तथा भूमि प्रशासनलाई आधुनिक बनाउन वैज्ञानीक भूमिसुधारको कार्यान्वयन गराउन पर्दछ ।

जनसंख्याको चाप बढीरहेको तर जमिन नबढ्ने हुनाले एकातर्फ सुकुम्वासीको संख्यामा वृद्धि हुदै गएको छ भने अर्को तर्फ केही सिमीत व्यक्तिले अनेकौं विघा जमिन त्यसै घेरेर राखेको अवस्थामा उत्पादनमा पनि खास वृद्धि नगरेको अवस्था छ । क्रान्तिकारी स्वरहरू पनि सुनिन थालेको धेरै भैसक्यो तर पनि राजनीतिक दलले चुनावी घोषणा सभामा चर्का नारा दिएर सरकारमा गैसकेपछि त्यसलाई ठोस रूपमा समाधान भने गर्न सकेका छैनन् । जनतामा नैरास्य र आक्रोसको भावना गुञ्जिनै रहेको छ ।

हाल सुकुम्वासीको नामले जग्गा वितरण गर्ने नाममा जुन राजनीति भैरहेको छ त्यसको लागि सरकार ग्यारेण्टीमा बसी जग्गा उपलव्ध गराई कुनै निश्चित अवधीको रूपमा (२५-३०) वर्षमा किस्तावन्दीमा भुक्तानी हुने गरि स्थायी व्यवस्था समेत गर्नु जरूरी छ ।

अव, महिलाको पक्षमा भूमिको कुरा गर्नपर्दा, महिलाको नाममा सरकारले जग्गाको नामसारी रजिष्ट्रेशन आदि गर्दा विशेष छुटको व्यवस्था मिलाए पनि व्यवहारमा र कार्यानवयमा त्यो प्रभावकारी छैन् । यस विषयमा सरोकारवाला पक्षहरूले उचित ध्यान नगएको अवस्था देखीएकाले यस्ता विषयमा सरोकारवालाहरूले ध्यान दिन आवाश्क छ । समाज/राजनीतिक दल र सरकार स्वयंले पनि कृषिमा उत्पादन बढाउन र जग्गाको संरक्षण र सम्वर्द्धन गर्न महिलाको नाममा नै जग्गाको स्वामित्व गराउने राष्ट्रिय अभियान शुरूवात गर्न आवश्यक छ । सम्पत्तिमा पुरूष र महिलाको समान अधिकार भैसकेको वर्तमान सन्दर्भमा परम्परागत पितृसत्तात्मक सोंचमा परिवर्तन ल्याउन औपचारिक/आनौपचारिक रूपमा स्कुल/कलेज एवं माहाविद्यालयहरूको शैक्षिक पाठ्यक्रममा समेत यी विषयलाई समेट्नु आवश्यक छ ।

राजनैतिक दलका नेता, समाजसेवी, राष्ट्रसेवक एवं अगुवाहरूले आफ्नो नाममा भएको जग्गा आफ्नो पत्नी, आमा, छोरी, बुहारीका नाममा स्थानान्तरण गर्ने अभियान प्रारम्भ गर्न सक्नु पर्दछ ।

सबै सम्पत्ति पुरूष वर्गको नाममा रहेको तर आवाज उठाउन नसकेका र नैराश्य एवं बाध्य भएर कृषि कार्यमा संलग्न भई रहेका महिलाहरूको आन्तरिक हृदयदेखि नै महिलाको स्वामित्वमा अपनत्व ल्याई वा खुशीयाली ल्याई कृषिको उत्पादकत्वमा वृद्धि गर्न महिलाहरूलाई जागरूक र प्रोत्साहित गर्न हामी सबैले राष्ट्रिय अभियान चलाउन आवश्यक छ ।

## बिन्दा पाण्डे, केन्द्रीय सदस्य, नेकपा एमाले

हामीलाई चाहिएको राम्रो व्यवहार, देश र राजनीतिक दलको सहयोग हो । तपाई महिला किसान दिदिबहिनीहरू जसरी भेला हुनु भएको छ, जसरी अभियान र आन्दोलन गर्नुभएको छ, त्यसले निश्चय पनि ठुलै उपलब्धी गरेको छ । भूमिअधिकार मञ्चमा लागि सकेपछि हामीले के प्राप्त गर्‍यौं भनेर फर्केर हेर्नुभयो भने तपाईहरूले धेरै उपलब्धि हासिल गर्नुभएको छ । नेपालीमा एउटा उखान छ, “बसेर बोले कसैले सुन्दैन्, उठेर बोले हावाले उडाईदिन्छ” तपाई हामी महिलाहरूको अहिलेको स्थिती यस्तै प्रकारको छ । त्यसैले अब तपाई हामी सबै मिलेर आवाज उठाएयौं भने बसेर बोले पनि आवाज सुनिदिन कर लाग्छ, उठेर बोलेपनि सुनिदिन कर लाग्छ । यसर्थ तपाईहरूले यस्ता कुरामा पनि विचार गर्नु जरूरी रहेको छ ।

महिला अधिकारको आवाज उठाउनको लागि ८ मार्च पनि अवसरकै दिन हो । आठ मार्च दुनियाँमा महिलालाई श्रममा लगाउने तर श्रमको उचित मुल्य नदिने प्रथाले गर्दा हामी महिलाको श्रम शोषण गर्नु पाइदैन् भनेर अधिकारको लागि लड्न पर्छ भनेर उठाइएको आवाज बाट सुरू भएको हो ।

हामी महिलाहरू आधा आकाश भनेर गर्व गर्छौ, महिला आधा आकाश हो की आधा धर्ती हो ? यदि आधा आकाश हो भने त्यसको अस्थित्व कमै होला तर आधा धर्ती भन्ने हो भने त त्यसको पूर्जा हुन्छ, हामीसँग स्वामित्व हुन्छ । त्यसैले हामीले भूमिको स्वामित्व पनि खोजेको हुँदा हामी महिला आधा आकाश नभई आधा धर्ती हौं भन्ने कुरा बुझ्नु पर्दछ र बुझाउनु पनि पर्दछ । हामीले नारालाई पनि फेर्नु पर्दछ । थुप्रै ठाउँमा आधा आकाशको कुरा भयो, महिलाहरू खुशी भए, पुरूषहरू पनि खुशी भए, जब महिलाहरू आधा धर्ती पनि हुन् भनेर आवाज उठाईयो महिलाको नाममा पनि धर्तीको स्वामित्व खोजियो अर्थात जमिनको पूर्जा खोजियो अनि घरघरमा झगडा पर्न थाल्यो, महिलामाथि ज्यादती र हिंसा हुन थाल्यो ।

हामी सबै अहिले आधा धर्तीको लडाईमा छौं । पुरूष नेताहरूको कुरा सुन्नु भयो भने सबैले चुनावको कुरा भन्दा अरू केही गर्दैनन् । अब चुनाव पनि हुन्छ, अब यी नेताहरू तपाई हाम्रो घरमा भोट माग्न आउँदा हामीले प्रश्न गर्नुपर्दछ की निर्वाचनमा अब भोट हालेपछि अरू नागरिक सरह आमाको नामबाट नागरिकता दिन्छौ की दिदैनौं ? पहिलो कुरा नागरिकता हो अनि मात्र भूमि पाइन्छ, यहाँ बाबुको नामबाट मात्र नागरिकता पाइन्छ तर आमाको नामबाट किन नागरिकता नपाउने ? त्यसैगरी नागरिकता पछि पैतृक सम्पत्तिमाथिको अधिकारको माग हामीले जोडदार रूपमा उठाउनु पर्दछ । अब गाउँमा नेताहरू भोट माग्न आउँदा हामीले के सोध्नुपर्दछ भन्दा तपाई आफ्नो छारीलाई आफ्नै सम्पत्ति दिनुहुन्छ की दिनुहुन्न ? यस्ता कुरालाई हामीले अभियानको मुद्दा बनायौं भने परिवर्तन अवश्य हुन्छ । कुनै पनि पार्टीले महिला विरूद्ध हिंसा गर्नेलाई पार्टीबाट कार्वाही गर्दछु भनि पार्टीहरूले प्रतिवद्दता जनाउनुपर्छ । महिला विरूद्ध हिंसा गर्नेलाई सामाजिक बहिष्कार गर्ने मुद्दा उठाउनु पर्दछ ।

तपाई हाम्रो मैदानबाट उठेको आवाजले गर्दा सयमा संयुक्त पूर्जाको नीति आएको हो । तपाईहरूले गरेको आन्दोलन, धर्ना, डेलिगेसनको कारण त्यो व्यवस्था आएको हो । यो तपाईहरूको संगठीत आवाजको प्रतिफल हो । अशंको कुरा गर्दा हुने खाने वर्गको लागि हो । जसेको बावुको सम्पत्ति छ उसको लाागि पैतृक सम्पत्ति माग दावि हो, जसको आमाको जग्गा छ उसको लागि अशं अधिकारको कुरा हो तर जसको केही छैन् त्यसको लागि पैतृक सम्पत्तिको कुराले केही गर्दैन । तिनीहरूको लागि भनेको रोजगारीको कुरा हो । रोजगारीमा उनीहरूको लागि सुरक्षा, उचित पारिश्रमिकको व्यवस्थाको माग राखिनु पर्‍यो ।

हामीले जुन संविधान ल्याउन खोजेका थियौं त्यो आउन सकेन् । हामीले लेखेका संविधानमा महिलालाई कुनै पनि तवरबाट हिंसा गर्न पाइनेछैन भनेर लेखेका छौं । महिलाको भूमिअधिकारको विषयमा पनि धेरै बहश चलेको थियो । तोकिएको हदभन्दा बढि जग्गा कसैले पनि राख्न नपाउने व्यवस्था ल्याउन लागेका थियौं । भूमिसुधारको कुरा गर्दा तोकिएको हदभन्दा बढि कसैको छ भने राज्यले त्यो जग्गा उसको लागि केही क्षतिपूर्ति दिएर राष्ट्रियकरण गर्ने भन्ने हाम्रो पनि अडान हो ।

तपाईहरूले भूमिअधिकारको आवाज उठाउँदा जो गरिखाने वर्ग छ, जसले भूमिमा काम गर्छ त्यसले भूमि पाउनुपर्छ भन्ने माग छाड्नुहुदैन् । 'जमिन कस्को जोत्नको' मात्र होइन की 'जमिन पसिना बगाउनेको' हो भन्ने माग राख्नुपर्छ । अहिले पनि जमिन जोत्ने त महिला होइन पुरूषले नै हुन् तर जमिनमा बढि पसिना महिलाले नै बगाउँछन् त्यसकारण महिलाको नाममा जमिन हुनुपर्छ भनी माग राख्नु पर्छ ।

भोट हालीदिने महिला, जित्ने पुरूष । गाउँ उजाड भयो भने त्यसलाई हराभर बनाईदिने महिला, जमिनमा कडा परिश्रम गर्ने महिला तर पूर्जा भने किन त पुरूषको नाममा ? यस्तो प्रथाको अन्त्य गर्नको लागी हामीले आवाज बुलन्द रूपमा उठाउनु पर्दछ । हाम्रो समाज महिलाले नै टिकाएको छ । घरभित्र पुरूषलाई पनि कसरी राख्ने ? पुरूषलाई पनि हरेक काममा समानता ल्याउन के गर्न सकिन्छ हामीले ध्यान दिनुपर्छ ।

अव हामी महिलाले घरभित्र गर्ने कामको पनि मूल्याङ्कन हुनपर्दछ । पहिलो कुरा त हामीले घरभित्रको नै संस्कार परिवर्तन गर्नुपर्दछ । हामीले हाम्रा छोरीहरूलाई कन्या दान गर्ने भन्ने कुरा समेत हटाउनुपर्छ । किनकी विवाहमा कन्यादान भनेको छोरीहरूलाई वस्तु जसरी दान गरेको हो, छोरीमाथि हामीले गरीएको हिंसा हो त्यो ! त्यस्तो घटीया काम गर्दिन भनेर लाग्नु भयो भने धेरै सामाजिक रूपान्तरण हुन्छन् ।

**युमना घले, वरिष्ठ कार्यक्रम अधिकृत, एसडिसि**

भूमिमा महिला अधिकारको आन्दोलन उच्चवर्गीय महिलाहरूले उठाएको आन्दोलन होइन । जो महिला पीडित छन्, जसले रातोदिन जमिनमा नै काम गर्छन् र पनि आफूसँग गरीखाने जमिन छैन्, तिनीहरूले उठाएको आन्दोलन हो । सामान्य परिवारका महिलाहरूले उठाएको आन्दोलनको फल उच्च वर्गकाले पनि लिइरहेका छन् ।

हाम्रो मुलूकमा भूमिको कुरा कसैले सुन्न तयार छैन । संविधान सभाका सभासाद्हरूले पनि भूमिको मुद्दा हामीहरूले उठाउँदा उहाँहरूले चासो नै दिनुभएन । भूमिको सवाल जटिल सवाल हो । सबैको आत्मसम्मानसँग जोडिएको सवाल हो त्यसैले पनि महत्वपूर्ण छ । भूमिको सवाल राष्ट्रको सवाल हो । मैले आफूले समेत जग्गा पास गर्नको लागि धेरे समस्या भोग्नु परेको थियो । ग्रामीण महिलाहरूलाई झन कस्तो समस्या पर्ला अनुमान समेत गर्नु सकिदैन । त्यसैले गर्दा समस्या जति छन ती राज्यकै कारणले उत्पन्न भएका छन, तपाई हामी महिलाको नाममा भूस्वामित्व दिन राज्य नै तयार छैन । त्यसकारण हामी महिलाले राज्यसँग लडाई लड्नु आवश्यक रहेको छ ।

यसको लागि शहरी महिला होइन तपाईहरू जस्तो ग्रामीण महिलाको सहयोग र साथ महत्वपूर्ण हुन्छ, तपाईहरूको आन्दोलन भोगाईको आन्दोलन हुन्छ अनि सफलता पाउन सकिन्छ ।

**मोहना अन्सारी, सदस्य एव्म प्रवक्ता, राष्ट्रिय महिला आयोग**

महिलाहरूलाई दयाको पात्र मात्र बनाईने गरेको कारण पीडित हुनु परेको अवस्था छ । नेपालमा संविधानसभाको निर्वाचन पश्चात देशमा गणतन्त्र आयो, परिवर्तन भयो तर राज्यको महत्वपूर्ण निकायमा कति महिलाको सहभागिता भयो त ? यसमा सोंच्नु जरूरी छ । राज्यले अहिले पनि महिलाहरूलाई दोस्रो दर्जाको रूपमा नै हेरेको अवस्था छ । महिलालाई सत्ता साझेदार मान्नको लागि राजनीतिक दलहरू तयार नहुने हुँदा पनि महिलाको नेतृत्व विकास हुन सकेको छैन । महिलाको अवस्था भनेको अझै पनि हात थापेर माग्ने मात्र रहेको छ ।

न्यायमा महिलाहरूको अझै पनि पहुँच छैन । न्यायको लागि धेरै भौतारिनु परेको अवस्था छ । महिलाको सुनुवाई अझै पनि कानून बमोजिम हुदैन । महिलाले उठाएको मुद्दालाई महिला भनेर होइन नागरिक भनेर सुनिनु पर्‍यो भन्ने हाम्रो माग हो । भूमिको स्वामित्व पाउन महिलाहरूको संगठीत आवाज उठ्नै पर्छ, आन्दोलन गरिनु नै पर्छ भन्ने हामीलाई पनि लागेको छ, किनकी हाम्रो राजनीतिक पार्टीहरूले, हाम्रो राज्य व्यवस्थाले त्यसै हामी महिलाको माग सुन्नेवाला छनैन् । यसका लागी आन्दोलन बलियो शक्ति पनि हो ।

महिलाहरूले जनयुद्धमा रगत बगाए, शहिद भए, योगदान दिए तर उनीहरूको मुल्याङ्कन गरेको जस्तो हामीलाई लागेको छैन् । हामीले भनेका छौं, महिलाको जनसङ्ख्याको आधारमा उनीहरूलाई अधिकार दिइनुपर्ने आवश्यकता छ । महिलाले भूस्वामित्व त्यसै रहर अनि रमाइलोका लागि माग गरेका होइन, भूमिले महिलाको पहिचान, स्वतन्त्रता, आत्मसम्मान दिने भएकाले माग गरिएको हो । यहाँ तपाईहरू गाउँ गाउँबाट आउनुभएको छ । महिला किसान सम्मेलनले पक्कै पनि मागहरू तयार गर्नेछ, ती मागमा हामी पनि अभियानमा सरिक हुन तयार छौं ।

**सोमप्रसाद भण्डारी, अध्यक्ष, राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल**

तीन दिनको बसाई र छलफलबाट हामीले अठोट र ध्यानकर्षण पत्र तयार पारेका छौं । यसले पनि धेरै हिम्मत र आँट थपेका छ । एक आपसमा भएको छलफलले हाम्रो ज्ञान थपिएको छ ।

यो सम्मेलनले पक्कै पनि महिला किसानहरूको पक्षमा एउटा ईंटा थपेको छ । सम्मेलन सम्पन्न गर्ने क्रममा यहाँ आउनुभएका राजनीतिक दलका नेताले भूमिमा महिला अधिकार स्थापीत गराउनको लागि सहयोग गर्ने प्रतिवद्दता जनाउनुभएको छ त्यसको लागि भूमिअधिकार मञ्चको तर्फबाट धन्यवाद् व्यक्त गर्दछु । साथै धन्यवाद् देशभरबाट आउनुभएको सम्पूर्ण अगुवा महिला दिदिबहिनीलाई । तपाई सम्पूर्णमा हाम्रो आग्रह के छ भने यहाँ भएको छलफल तपाईंहरूले गर्नु भएको अठोटलाई गाउँगाउँ सम्म पुर्‍याएर महिलाको भूमि अधिकार सुनिश्चित गर्नको लागि महत्पवूर्ण भूमिका खेल्नुहुनेछ भन्ने आशा राख्दछु ।

अव बन्ने नयाँ संविधानमा महिलाको भूमि अधिकारको कुरा पनि समेटिने छ भन्नेमा हामीले विश्वास लिएका छौं । अन्तमा सम्मेलन सफल पार्नको लागि भूमिका खेल्नुहुने सबैलाई धन्यवाद् दिन चाहान्छु ।

## ५ अनुसूचिहरू :

### ५.१ सम्मेलनको खर्च :

| क्र.सं. | विवरण | खर्च रकम |
|---|---|---|
| १. | सहभागि खाना खर्च (बास, खाना, खाजा) | २,६७,९८०/- |
| २. | हल व्यवस्थापन (टेण्ट, कुक लगायत) | ३८,५००/- |
| ३. | सहभागी यातायात बाटो खर्च (४८ जिल्लाको १३० जनालाई) | २,८४,२४०/- |
| ४. | औषधी खर्च | २,५००/- |
| ५. | फोटोकपी टोनर खरिद | ३,३००/- |
| ६. | व्यानर (दुई वटा) | ३,३६०/- |
| ७. | स्टेशनरी | ९,०४४/- |
| ८. | रोता झोला (सहभागिको लागि वितरण) | ६२,१५०/- |
| ९. | भिडियो डकुमन्ट्री | ४५,०००/- |
| १०. | जेनेरेटर तेल खर्च | २,४५४/- |
| ११. | स्थानीय यातायात खर्च (होटल-कार्यक्रम स्थल) | ११,००० /- |
| १२. | यातायात (गाडीमा तेल) | १०,६६८ /- |
| १३. | अतिथी यातायात खर्च | ६,४२०/- |
| १४. | खाजा खर्च | ५,१७२/- |
| १५. | गाडी चालक सहयोगी खर्च | ६,०००/- |
|  | जम्मा खर्च रू. | ७,५७,७९०/- |

## ५.२ अधिकारमूलक गीतहरू :

सम्मेलन सफल पारियो...

हे भेट भयो चितवनको ठिमुरा
बुझ्न पाइयो महिलाको सव कुरा ।
गंगा जी को पानी,
सम्मेलन सफल पारियो
अव घर जानी,

अन्तिम सम्म दिनुभयो हामीलाई साथ
व्यवस्थापन साथिलाई धन्यावाद्
गंगा जी को पानी,
सम्मेलन सफल पारियो
अव घर जानी,

हे तीन दिनको बसाई राम्रो
ठान्यौ चितवन भूमिघर हाम्रो हो
गंगा जी को पानी,
सम्मेलन सफल पारियो ....

हे खोस्या भए अरूको हाँसो  र
सुझाव दिनु अहिलेलाई माफ गर
गंगा जि को पानी..........
........

### नन्दा जोशी, कञ्चनपुर

घर हो मेरो कञ्चनपुर, नाम हो मेरो नन्दा
कहिले गर्छन चक्काजाम, कहिला नेपाल बन्दा,
धनीलाई सम्पत्तिको लोभ, गरीबलाई बैरा
हेरीदेउ नेता नजुर बैतडीको पैरा
भरोसामा लाग्यो हजुर
कैलाली कञ्चनपुर ऐलानी छ जग्गा ।
५३ जिल्ला महिला आन्दोलनमा मिल्ला
पिटीपिटी मान्छे मार्ने बैतडीको जिल्ला ।

**सरस्वती अधिकारी, सिन्धुपाल्चोक**

जिल्ला भूमि मञ्चमा
भैराखौँ है संगठीत
धैर्य गरौँ अवश्य हुन्छ हाम्रो जीत ।

हे जे छलफल भयो यो बन्द सत्रमा
लेखेका छौँ घोषणा पत्रमा,
जिल्ला भूमि मञ्चमा
भैराखौँ है संगठीत .......

हे नहुन्जेल कानूनमा व्यवस्था
यस्तै हुन्छ महिलाको अवस्था ।
जिल्ला भूमि मञ्चमा......

हे नलगाउ है कसैले निरास मन
परिर्वतन गर्नलाई आन्दोलन
जिल्ला भूमि मञ्चमा......

हे बाह्रै महिना आ-आफ्नै कमाईले
खान पुग्ने सोचौँ है सबैले
जिल्ला भूमि मञ्चमा.....

हे किन गर्ने आन्दोलन आज
आत्मनिर्भर किसानको समाज
जिल्ला भूमि मञ्चमा.....

हे यही महिलाले बनाको नेता
खै बुझ्केको महिलको पिर व्यथा
जिल्ला भूमि मञ्चमा.......

हे हक माग्नु महिलाको हैन् दोष
नेताहरूको पहलमा निर्णय होस्
जिल्ला भूमि मञ्चमा.........

हे आउनी भए भोट माग्न घरघर
पहिला नेता महिलाको काम गर,
जिल्ला भूमि मञ्चमा.....
हे जायज छनी महिलाको माग पुरा
संविधानमा लेखाउनुस यी कुरा
जिल्ला भूमि मञ्चमा.....

## ल्याम बहादुर दर्जी र रूपा वि.क

दुख्यो मन पोल्छ,
अव हामी नबोले को बोल्छ
आफ्नो आफ्नो कर्म,
कोही को मनमा पाप हुन्छ,
कोहीको मनमा धर्म
कोही छन् सुख सयलमा
कोही छन् नाङ्गो भरमा ।

हे, चुप लागेर नबस हेर
लिऊ अधिकार सब जना मिलेर
आफ्नो आफ्नो कर्म,
कोही को मनमा पाप हुन्छ,
.........
नसब हेर, लिऊ अधिकार मिलेर
लिऊ अधिकार..........

## मिना परियार

नारी हामी एकजुट बनेर
लालपूर्जामा संयुक्त नाम गरौं ।
परिवारमा कुरा मिलाएर
हाम्रो मुक्ति हुनेछ कुनै दिन ।
एकजुट बनौं गरीब र भूमिहीन ।

नारी हामी एकजुट बनेर
लालपूर्जामा संयुक्त नाम गरौं
...
यस्तै रहेछ छोरीको कर्म
जानै पर्ने अर्केको घरमा
नारी हामी एकजुट बनेर
लालपूर्जामा संयुक्त नाम गरौं,
परिवारमा कुरा मिलाएर,
नारी हामी संयुक्त पूर्जामा
अघि बढौ कम्मर कसेर
झुपडीको गतिलो छैन बास

भोकमा खान पाइएन एकै गाँस,
नारी हामी......

### सरस्वती अधिकारी

यो देशै भरका नारीका मर्का
ठुल-ठुला भाषाण, चलाउनछन शासन,
व्यवहारमा सुधार आ, छैन्,
अव त एक हौँ नारी हो,
धेरै नै पछि परियो,

हे, यी नारी सारा मुक्ति न पार,
रोका छन् सधै चौधारा
हेपिन्छ कनि ल नारी बिना
चलाउनुस् एक्लै संसार
अव जुटौँ है नारी हो,
अधिकार बरा बरी हो ।

है, संसार देखाउनी धर्तीमा पाइलो
टेकाउने पनि नारी हो
बुझ्न्सन कुरा, सोच्नुहोस् हजुर
अधिकार बार बरी हो,
सघर्ष धेरै गरीयो,
महिला नी पुरूष सरी हो ।

हे, ऐ हाम्रो भूल
छोरी स्कूल
छोराले बोर्डिङ पढ्याछन्,
किन हो किन दिनदिन
आजकल महिला हिंसा बढ्या छ,
कुरा बझौँ है नारी हो,
छोरा भनेकै छोरी हो ॥

### रत्ना बुढाथोकी

ए, हलो र जुवा हलिया दाईको,
रूदै हिड्छन् खेत र बारीमा ।

भरीया दाईको बिसौनी भारी
सुन माया डाडाँकै चौतारी ।

जोगै राखौँ भूमि मञ्च गरीब लाई अव,
आफ्ना लागि अधिकार ल्याउनु पर्छ अब ।
भरीया दाईको विसौनी भारी....

**रूपा वि.क, पर्वत**

सम्मेलनले थप्दै छ ऊर्जा,
बनाउने हो संयुक्त लालपूर्जा,

देखाउदै छ, महिलाले चमत्कार,
आमन्त्रित सबैलाई नमस्कार,
सम्मेलनले थप्दै छ ऊर्जा,
बनाउने हो संयुक्त लालपूर्जा,

छैन अझै महिलाको सत्ता
चाहिन्छ हामीलाई महिलो स्वामित्व,
सम्मेलनले थप्दै छ ..............

पछि छन् हौ अझै नि महिला,
आन्दोलनमा अगाडी छन् पहिला,
सम्मेलनले थप्दै छ ..............

गर्छन महिला ठुला काम भलाको,
महिलाले नै हो जगत चलाको,
सम्मेलनले थप्दै छ ..............

आयोगले बनायो ऐन,
कार्यान्वयन अझै नी भाछैन्,
सम्मेलनले थप्दै छ ..............

कार्यन्यवन नभए अवत
दिनुपर्छ राज्यलाई दवाव,
सम्मेलनले थप्दै छ ..............

हाम्रो मुक्ति अवश्य कुनैपनि
एकजुट बनाऊ महिला र भूमिहीन,
सम्मेलनले थप्दै छ ..............

**५.३ सम्मेलनका नाराहरू**

आधा पुरूष आधा नारी,
जमिनमा हक बराबरी ॥

आन्दोलनमा महिला,
भूमि चाहियो पहिला ॥

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल-जिन्दावाद ।
जिन्दावाद्, जिन्दावाद् ॥

## ५.४ सहभागि विवरण :

| क्र.सं. | नाम | जिल्ला/ठेगाना | | | |
|---|---|---|---|---|---|
| | | | ३५ | चन्दाश्री सदा | सप्तरी |
| १ | सरस्वती कट्वाल | ओखलढुङ्ग | ३६ | जैसा खातुन | धनुषा |
| २ | रिता श्रेष्ठ | ओखलढुङ्ग | ३७ | रञ्जु राम | सिराहा |
| ३ | प्रतिभा राई | खोटाङ | ३८ | भलकुमारी घिमिरे | सिन्धुली |
| ४ | सुकुमाया तामाङ | खोटाङ | ३९ | निरमाया पाखिन | रौतहट |
| ५ | पनिता शेर्पा | भ्रापा | ४० | बसन्ती थारू | कपिलवस्तु |
| ६ | राजुदेवी वि.क | कञ्चनपुर | ४१ | कमला परियार | कपिलवस्तु |
| ७ | पार्वती डगौरा | कञ्चनपुर | ४२ | गौरी थारू | कपिलवस्तु |
| ८ | वलावती राजवंशी | भ्रापा | ४३ | तारादेवी वि.क | कैलाली |
| ९ | हरीमा देवी कामी | डडेल्धुरा | ४४ | फलमति कुसुवार | रौतहट |
| १० | भावाना पार्की | कञ्चनपुर | ४५ | पशुपतियादेवी चौधरी | रौतहट |
| ११ | संगीता भूल | डडेल्धुरा | ४६ | नन्दा जोशी | कञ्चनपुर |
| १२ | देवी बुढा | कैलाली | ४७ | पुतली तामाङ | रसुवा |
| १३ | ललिता मायाल | कैलाली | ४८ | अम्बिका डिमडोङ | बारा |
| १४ | रिता चौधरी | कैलाली | ४९ | कल्पना कार्की | आत्मनिर्भर केन्द्र |
| १५ | चित्रकुमारी न्यौपाने | रसुवा | ५० | विश्वास नेपाली | आत्मनिर्भर केन्द्र |
| १६ | विष्णु थापा | महोत्तरी | ५१ | सरीता लुईटेल | आत्मनिर्भर केन्द्र |
| १७ | निर्मला माझि | रामेछाप | ५२ | गीता पण्डित | आत्मनिर्भर केन्द्र |
| १८ | सावित्री मगर | महोत्तरी | ५३ | ज्योती बैद्य | आत्मनिर्भर केन्द्र |
| १९ | सरीता वि.क | उदयपुर | ५४ | सुष्मा न्यौपाने | रसुवा |
| २० | गुथुमाया मिजार | धनुषा | ५५ | संगीता लामिछाने | रसुवा |
| २१ | टिका वि.क | उदयपुर | ५६ | नन्द देवकोटा | बाँके |
| २२ | राजियादेवी सदा | सप्तरी | ५७ | पुष्कर आचार्य | आत्मनिर्भर केन्द्र |
| २३ | दुखनी सदा | सिराहा | ५८ | रेनुका पौडेल | सर्लाही |
| २४ | पर्नी चौधरी | सुनसरी | ५९ | पार्वती घिमिरे | ललितपुर |
| २५ | नम्रता देउजा | धनकुटा | ६० | शुभद्रा बजगाई | ललितपुर |
| २६ | गोमा गौतम | धनकुटा | ६१ | केदारकुमारी वि.क | पर्सा |
| २७ | चन्द्रकला ओभ्रा | सुनसरी | ६२ | योगमाया उराउ | पर्सा |
| २८ | किसनी उराउ | सुनसरी | ६३ | भगवती शर्मा | पर्सा |
| २९ | नेप्लु माझि | मोरङ | ६४ | लक्ष्मी ओड | राष्ट्रिय भूमिअधिकार मञ्च |
| ३० | दुलहन चौधरी | मोरङ | ६५ | उपसना रेग्मी | आत्मनिर्भर केन्द्र |
| ३१ | तर्कमाया दाहाल | मोरङ | ६६ | मुना तामाङ | सिन्धुली |
| ३२ | सन्तोषी वि.क | उदयपुर | ६७ | लक्ष्मी नगरकोटी | नुवाकोट |
| ३३ | गुलावदेवी राम | सप्तरी | ६८ | समिता वि.क | रामेछाप |
| ३४ | सरस्वती चौधरी | सप्तरी | ६९ | सीता भुजेल | सिन्धुपाल्चोक |

| | | | | | |
|---|---|---|---|---|---|
| ७० | रन्जना तामाङ | सिन्धुपाल्चोक | १०७ | सरस्वती वि.क | अछाम |
| ७१ | सुमित्रा तामाङ | सिन्धुपाल्चोक | १०८ | जानकी परियार | अछाम |
| ७२ | सरस्वती अधिकारी | सिन्धुपाल्चोक | १०९ | सिर्जना सिं | बाजुरा |
| ७३ | यसोदा रखाल | सिन्धुपाल्चोक | ११० | सिता वि.क | बाजुरा |
| ७४ | रूपा वि.क | पर्वत | १११ | कृष्णा पोखरेल | सुर्खेत |
| ७५ | जौमाया परियार | पर्वत | ११२ | मानकुमारी शर्मा | दैलेख |
| ७६ | मिना परियार | पर्वत | ११३ | विष्णा खड्का | दैलेख |
| ७७ | कला शर्मा | वाग्लुङ | ११४ | यमुना परियार | दाङ |
| ७८ | सुनिता वि.क | वाग्लुङ | ११५ | शर्मिला चेपाङ | धादिङ |
| ७९ | उमाकला कुमाल | पाल्पा | ११६ | यलिशा आलेमगर | चितवन |
| ८० | गंगा कुंवर | पाल्पा | ११७ | मन्जु विष्ट | मकवानपुर |
| ८१ | रत्नमाया परियार | पाल्पा | ११८ | संगीता राई | मकवानपुर |
| ८२ | गीता गुरूङ | कास्की | ११९ | निर्मला वि.क | दाङ |
| ८३ | वसन्ती मल्ल | कास्की | १२० | अनिता चौधरी | दाङ |
| ८४ | उमा राजवंशी | झापा | १२१ | हिमा वि.क. | दाङ |
| ८५ | विकास डंगोल | आत्मनिर्भर केन्द्र | १२२ | हिरा डागी | सल्यान |
| ८६ | भवानी घिमिरे | सर्लाही | १२३ | विनिता पुन | सल्यान |
| ८७ | सोनइी माझि | सर्लाही | १२४ | प्रेमा शाही | बाँके |
| ८८ | राम्रीमाया बुलुन | सर्लाही | १२५ | पार्वती चौधरी | बाँके |
| ८९ | किष्णप्रसाद घिमिरे | सर्लाही | १२६ | तुलसी वि.क | बाँके |
| ९० | अन्जु कुमाल | नवलपरासी | १२७ | नन्दकला वि.क | बाँके |
| ९१ | सपना थापा | नवलपरासी | १२८ | फुलमति चेपाङ | चितवन |
| ९२ | सुनमाया जिमी | संखुवासभा | १२९ | इन्द्रमाया चेपाङ | चितवन |
| ९३ | पेमदिगी शेर्पा | संखुवासभा | १३० | सविना पाण्डे | दोलखा |
| ९४ | दुलारा लोनइी | बर्दिया | १३१ | रजिना सुनुवार | दोलखा |
| ९५ | तिरमला थारू | बर्दिया | १३२ | कान्ता कोइराला | चितवन |
| ९६ | तुलाकुमारी जोशी | बारा | १३३ | रत्ना बुढाथोकी | सुर्खेत |
| ९७ | लक्ष्मी तामाङ | बारा | १३४ | लक्ष्मी विसुन्के | सुर्खेत |
| ९८ | शुभवती हरिजन | रूपन्देही | १३५ | ममता औजी | बैतडी |
| ९९ | हरिशरण रानामगर | ललितपुर | १३६ | हिरा दमाई | बैतडी |
| १०० | पवित्रा अर्याल | बर्दिया | १३७ | दमनकुमारी चेपाङ | चितवन |
| १०१ | विष्णु कार्की | रूपन्देही | १३८ | सन्तकुमारी चोपङ | चितवन |
| १०२ | कमदानी पासी | रूपन्देही | १३९ | मुकुन्द कट्टेल | धनकुटा |
| १०३ | दिलमाया नेपाली | रूपन्देही | १४० | सोम प्रसाद भण्डारी | सिन्धुपाल्चोक |
| १०४ | सुभावती हरिजन | रूपन्देही | १४१ | प्रकाश थापा | ओखलढुङ्गा |
| १०५ | यममाया बोहरा | प्युठान | १४२ | सरस्वती सुब्बा | सर्लाही |
| १०६ | जिवा धामी | प्युठान | १४३ | आशाराम चौधरी | दाङ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४४ | विर्खबहादुर चेपाङ | चितवन | १६१ | सञ्जु मोक्तान | मकवानपुर |
| १४५ | सीता लम्साल | नवलपरासी | १६२ | मोहन कुमारी न्यौपाने | मकवानपुर |
| १४६ | बिर्खमाया गुरूङ | नवलपरासी | १६३ | ल्याम बहादुर दर्जी | पर्वत |
| १४७ | मुना थापा | नवलपरासी | १६४ | ओमकला गौतम | ने.म. संघ |
| १४८ | जगत देउजा | आत्मनिर्भर केन्द्र | १६५ | डा. डिला संगौला | ने.म. संघ |
| १४९ | जगत बस्नेत | आत्मनिर्भर केन्द्र | १६६ | विन्दा पाण्डे | नेकपा एमाले |
| १५० | मार्सेलिन पि रोजारईी | काठमाडौ | १६७ | यमुना घले | राष्ट्रिय भूमि नीति मस्यौदा समिति |
| १५१ | जुलिया रोजारइाी | काठमाडौ | १६८ | नारायण ढुङ्गाना | कालिका एफएम |
| १५२ | कृष्ण पाठक | काठमाडौ | १६९ | सुर्यप्रकाश कंडेल | अन्नपूर्ण पोष्ट |
| १५३ | गुरूदत्त सुवेदी | चितवन | १७० | राधेश्याम खतिवडा | राजधानी दैनिक |
| १५४ | चन्दा विष्ट | काठमाडौं | १७१ | कल्पना धमला | एनेकपा माओवादी |
| १५५ | विष्णुमाया पाण्ड | चितवन | १७२ | सम्झना पौडेल | आउटलाइन मिडिया |
| १५६ | राजीन रायमाझि | काठमाडौं | १७३ | विनोद रिजाल | कायकैरन दैनिक |
| १५७ | कल्पना भण्डारी | सिन्धुपाल्चोक | १७४ | प्रमिन राज दत्त | कान्तिपुर |
| १५८ | भिम खनाल | चितवन | १७५ | राजेश घिमिरे | अभियान |
| १५९ | रामकृष्ण श्रेष्ठ | काठमाडौं | १७६ | सुनिता तिवारी | बेसो च्यानल |
| १६० | कल्पना न्यौपाने | नुवाकोट | १७७ | मोहना अन्सारी | राष्ट्रिय महिला आयोग |

५.५ सम्मेलनका झलकहरू तस्विरमा :

















महिला
फागुन, २०६९ ठिमुरा,





